# हाम्रो सामाजिक मुल्य, मान्यता र नैतिक शिक्षा

(स्थानीय पाठ्यक्रम : कक्षा ६-८) - २०८१



## टीकापुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### टीकापुर, कैलाली

# हाम्रो सामाजिक मुल्य, मान्यता र नैतिक शिक्षा

## स्थानीय पाठ्यक्रमः कक्षा ६-८

## (पहिलो संस्करण २०८१)

**प्रकाशक**

टीकापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

टीकापुर, कैलाली

**टीकापुर नगरपालिकाको स्थानीय पाठ्यक्रमः हाम्रो सामाजिक मुल्य मान्यता र नैतिक शिक्षा (कक्षा ६-८)**
**सर्वाधिकार: प्रकाशकमा निहित**
नगर कार्यपालिकाको मितिः २०८१।०२।३० बैठकबाट स्वीकृत
प्रथम प्रकाशनः वि.सं. २०८१
मुद्रण प्रतिः५५

**प्रमुख संरक्षक :** श्री रामलाल डगौंरा थारु (नगर प्रमुख, टीकापुर नगरपालिका)
**संरक्षक:** श्री खडक बहादुर शाह (उपप्रमुख, टीकापुर नगरपालिका)
**सल्लाहकारहरू**
श्री दमन सिंह चौधरी (प्रमुख प्रशासकीय अधिकृत, टीकापुर नगरपालिका)
श्री वैकुण्ठ सुबेदी (इकाई प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई, धनगढ़ी, कैलाली)

## पाठ्यक्रम निर्माण, लेखन तथा सम्पादन समितिः

संयोजकः श्री नरेश अवस्थी (शाखा अधिकृत, टीकापुर नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा)
सदस्यः श्री नाथुराम चौधरी (सहप्राध्यापक, टीकापुर बहुमुखी क्याम्पस, टीकापुर कैलाली)
सदस्यः श्री केशर बहादुर रावल (प्रधानाध्यापक, श्री खड्ग स्मृति मा. वि., टीकापुर कैलाली)
सदस्यः श्री ललिता शाही (शिक्षक, श्री जनजागृती मा. वि. सितापुर)
सदस्यः श्री रविन्द्र बहादुर कठायत (प्रधानाध्यापक, श्री त्रिभुवन मा. वि. बटनपुर)
सदस्यः श्री राम प्रशाद चौधरी (प्रधानाध्यापक, श्री राष्ट्रिय मा वि नारायणपुर)
सदस्यः श्री बुद्धिराम चौधरी (प्रधानाध्यापक श्री हिमालय मा. वि. घिया)
सदस्यः श्री सम्झना अर्याल (शिक्षक श्री सरस्वति मा वि वनगाँउ)
सदस्यः श्री धर्मराज शर्मा (प्रधानाध्यापक श्री कर्णाली मा. वि. टीकापुर)
सदस्यः श्री रघुनाथ उपाध्याय (स. प्र. अ. श्री जनप्रकाश आ. वि. बाघमारा)
सदस्यः श्री खगेन्द्र बहादुर घर्तिमगर (प्रधानाध्यापक श्री सरस्वति मा. वि. वनगाँउ)
सदस्यः श्री पहलमान खत्री (शिक्षक श्री विरेन्द्र विद्या मन्दिर मा. वि. टीकापुर)
सदस्यः श्री चक्रपाणि भट्टराई (संस्थापक श्री कैलाशेश्वर वेद विद्याश्रम टीकापुर १ कैलाली)

**विशेष सहयोगीः** श्री विना कुमारी पौडेल (प्रा.स. टीकापुर नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा)
**आवरण डिजाई नः** श्री पृथ्वीराज ढुङ्गाना
**मुद्रकः** शुभलक्ष्मी अफसेट प्रेस, टीकापुर

# भूमिका

शिक्षा देश विकासको मेरूदण्ड हो । समय सापेक्ष, गुणस्तरीय र व्यवहारिक शिक्षाले सिप, सिर्जना र रोजगारीको सम्भावनालाई बढाउँछ । सभ्यता र संस्कार सिकाउँछ । संस्कार, संस्कृति एवम् भाइचारा र बन्धुत्वको भावना विकास गराउन हामीलाई संस्कारयुक्त शिक्षा चाहिन्छ । शिक्षाको समग्र पक्षको विकासको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको समन्वयात्मक भूमिका महत्त्वपूर्ण हुन्छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने गरि व्यवस्थापन गरेको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तह (पूर्व प्राथमिकदेखि कक्षा १२) सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको पृष्ठभूमिमा हामी निर्वाचित भएर आइसकेपछि टीकापुर नगर क्षेत्रको शैक्षिक उन्नयनमा हामी क्रियाशील भएको कुरा आम नागरिकलाई विदितैछ । शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य तथा विषयगत उद्देश्य पूरा गर्नका लागि पनि पाठ्यक्रमको निर्माण र कार्यान्वयनको आवश्यकता पर्दछ । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकता अनुसार तयार गरिन्छ । केन्द्रले निर्माण गरेका पाठ्यक्रमहरूले स्थानीय विविधता समेट्न नसक्ने भएकाले शैक्षिक विकेन्द्रीकरणको मर्मलाई सम्वोधन गर्न स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय सरोकारवालालाई संलग्न गराउँदै सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गरिन्छ । स्थानीय पाठ्यक्रमको अध्यापन गर्नुको उद्देश्य स्थानीय ज्ञान, सिप र प्रविधिको विकासमा अपनत्व बोध गराउँदै वैश्विक नागरिक तयार गर्नु हो ।

टीकापुर नगरपालिकाको दशवर्षे नगर शिक्षा योजना, (२०७८-२०८७) समेतले स्थानीय पाठ्यक्रम निर्माणको आवश्यकता र औचित्यताको देखाएको छ । स्थानीय आवश्यकता, विज्ञता एवम् स्थानीय परिवेशको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने नीतिगत व्यवस्था रहेको सन्दर्भमा स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने अभ्यास बढ्दै गएको पाइन्छ । यसै पृष्ठभुमिमा रहेर टीकापुर नगरपालिकाले हाम्रो सामाजिक मुल्य मान्यता र नैतिक शिक्षका नामक कक्षा ६ देखि ८ को पाठ्यक्रम निर्माण गरेको छ । यो पाठ्यक्रम निर्माण गरी अब कार्यान्वयनको चरणमा छौं ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले समेत कक्षा १ देखि ८ स्थानीय पाठ्यक्रमको सम्बन्धमा व्यवस्था गरेको छ । यो पाठ्यक्रमले विशेष गरेर विद्यार्थीहरुमा नागरिक चेतना, नैतिक चरित्रको विकास र आर्थिक आय आर्जनका क्रियाकलापहरुलाई जोड दिएको छ । विद्यालय शिक्षा विविधतायुक्त जनसंख्या र स्थानीय तहको आवश्यकतासँग अझ सान्दर्भिक होस भन्ने उद्देश्यका साथ यो व्यवस्था गरिएको हो । हाम्रो प्रयासलाई सफल पार्न सहयोग गर्नुहुने कार्यदलका सदस्यहरू, रचनात्मक तथा अमूल्य राय सुझाव प्रदान गर्नुहुने प्राविधिक सल्लाहकार, अन्तरक्रिया कार्यक्रममा सक्रिय साहभागी हुने जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छौ ।

अन्त्यमा, पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई निरन्तर परिमार्जन र सुधारका लागि पृष्ठपोषण प्रदान गर्न विद्यालय व्यवस्थापन समितिका पदाधिकारिहरू, प्रधानाध्यापकज्यूहरू, शिक्षकका प्रतिनिधिमूलक संस्थाका पदाधिकारीज्यूहरू, आमअभिभावक तथा जनप्रतिनिधि र शिक्षा समितिका पदाधिकारीहरूको सार्थक प्रयास रहने विश्वास लिदै पाठ्यक्रम कार्यान्वयनमा सबै पक्षको सहयोगको अपेक्षा गर्दछौ ।   धन्यवाद ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली

# विषय - सूची


| | पेज नं. |
|---|---|
| **खण्ड - एकः परिचय र संरचना** | **१-६** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ शिक्षाका राष्ट्रिय उद्देश्य | १ |
| १.३ विद्यालय शिक्षाको तहगत संरचना र उमेर | २ |
| १.४ प्रारम्भिक बालविकास र शिक्षा | २ |
| १.५ आधारभूत तह कक्षा (१-८) का सक्षमताहरू | ३ |
| १.६ आधारभूत तह कक्षा (६-८) का सक्षमताहरू | ३ |
| १.७ स्थानीय पाठ्यक्रमको अर्थ, परिभाषा, सान्दर्भिकता र केन्द्रिय पाठ्यक्रमसँगको सम्बन्ध | ४ |
| १.८ पाठ्यक्रम ढाँचा | ५ |
| १.९ विषयगत पाठ्यक्रमका अङ्गहरू | ६ |
| **खण्ड - दुईः हाम्रो सामाजिक मुल्य मान्यता र नैतिक शिक्षा** | **७-३८** |
| २.१ परीचय | ७ |
| २.२ पाठ्यक्रमको औचित्य | ७ |
| २.३ पाठ्यक्रम निर्माण प्रक्रिया | ८ |
| २.४ शिक्षाको माध्यम | ८ |
| २.५ पाठ्यक्रम मुल्याङ्कन | ८ |
| २.६ पठनपाठनको समयावधि | ९ |
| २.७ स्थानीय पाठ्यक्रमका तहगत सक्षमता | ९ |
| २.८ कक्षागत सिकाई उपलब्धि | ९ |
| २.९ विषयवस्तुको क्षेत्र र क्रम, विषयवस्तुको विस्तृतिकरण, मुख्य शिक्षण सिकाई क्रियाकलाप र सम्भावित मूल्यांकन प्रक्रिया | १३ |
| २.१० सम्भावित परीयोजना तथा प्रयोगात्मक कार्य | ३५ |
| २.११ शिक्षण सिकाई सहजिकरण प्रक्रिया | ३५ |
| २.१२ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्षहरू | ३७ |
| २.१३ विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ३७ |
| २.१४ विशिष्ठिकरण तालिका | ३८ |
| **खण्ड - तीनः विविध** | **३९-४०** |
| ३.१ स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव | ३९ |
| ३.२ स्थानीय पाठ्यक्रम कार्यान्वयन, परिमार्जन तथा परिवर्तन योजना | ४० |
| ३.३ स्थानीय पाठ्यपुस्तक निर्माण तथा लेखन | ४० |

# खण्ड - एक
# परिचय तथा संरचना

## १.१ पृष्ठभूमि

नेपाल विविधताले भरिपूर्ण राष्ट्र हो । यहाँको भौगोलिक, सांस्कृतिक, धार्मिक तथा सामाजिक विविधतालाई केन्द्रीय पाठ्यक्रमले प्रतिनिधित्व गर्न सक्दैन । यसै सन्दर्भमा स्थानीय रूचि र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा पाठ्यक्रम निर्माण गर्न आवश्यक हुन्छ । स्थानीय पाठ्यक्रमको संरचना देश, काल र परिस्थितिअनुसार फरक फरक हुन्छ । सिकाइको व्यवस्थित दस्तावेज नै पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकता अनुसार तयार गरीन्छ । केन्द्रले निर्माण गरेका पाठ्यक्रमहरूले स्थानीयविविधता समेट्न नसक्ने भएकाले शैक्षिक विकेन्द्रीकरणको मर्मलाई संबोधन गर्न स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय सरोकारवालालाई संलग्न गराउँदै सिकाइ सहजीकरणप्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गरीन्छ । स्थानीय पाठ्यक्रमकोअध्यापन गर्नुको उद्देश्य स्थानीय ज्ञान, सिप र प्रविधिको विकासमा अपनत्व बोध गराउँदै वैश्विक नागरीक तयार गर्नु हो । स्थानीय पाठ्यक्रम शिक्षाका राष्ट्रिय उद्देश्यहरू, तहगत तथा कक्षागत उद्देश्यहरूसँग सान्दर्भिक हुनुपर्दछ । स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, अभिभावक, प्र.अ. तथा शिक्षकहरू र सम्बन्धीत सम्पपूर्ण सरोकारवालाहरूको सुझाव, सल्लाह र सहयोगमा यो ***आधारभूत तह (कक्षा ६-८) को हाम्रो सामाजिक मुल्य मान्यता र नैतिक शिक्षा*** नामक स्थानीय पाठ्यक्रम निर्माण गरीएको हो ।

## १.२ शिक्षाका राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार रहेका छन्

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरीक तयार गर्ने,

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरीक तयार गर्ने,

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्याउने,

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दीगो विकासमा योगदान गर्ने सचेत नागरीक तयार गर्ने,

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरीक तयार गर्ने,

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरीक तयार गर्ने,

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरीक तयार गर्ने,

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने।

## १.३ विद्यालय शिक्षाको तहगत संरचना र उमेर

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ। विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरीएको छ। माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ। माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारूको उमेर, सिकाइ क्षमता, स्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्न बमोजिम निर्धारण गरीएको छः

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमता स्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## १.४ प्रारम्भिक वालविकास र शिक्षा

चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरीनेछ। चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ । प्रारम्भिक बालविकास र शिक्षाकोपाठ्यक्रम बालबालिकाको उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरीने छ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्नेछन् । प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरू निम्नानुसार हुने छन् :

१. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता
२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास
३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन
४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन

५. सिर्जनात्मक सोचको विकास
६. भाषिक तथा सञ्चार सिपको विकास।

## १.५ आधारभूत तह कक्षा (१-८) का सक्षमताहरू

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ। यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो। यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन्। आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम हुने छनः

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
६. मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) को विकास
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft Skills) को प्रयोग
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## १.६ आधारभूत तह कक्षा (६-८) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ६-८) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास
२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान
३. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्ति विकास र प्रयोग
६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास
८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनमा सहयोग

९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) विकास
१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft Skills) को प्रयोग
११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार
१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## १.७ स्थानीय पाठ्यक्रमको अर्थ, परिभाषा, सान्दर्भिकता र केन्द्रीय पाठयक्रमसंगको सम्बन्ध

स्थानीय आवश्यकता, चाहना, संस्कृति, व्यवसाय, पेसा, उत्पादन र स्थानीय ज्ञान तथा सिपहरूलाई आधार मानी स्थानीय समुदाय, बौद्धिक बर्ग र सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा स्थानीय तहबाटविकास, निर्माण र कार्यान्वयन गरीने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ ।

स्थानीय पाठ्यक्रम विकास निर्देशिका–२०६४ अनुसार "स्थानीय सरोकारवालाहरूको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी विकास र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ ।" प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा (१–५), २०६५ अनुसार "स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार गरीने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ ।"

पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकता समेतको सापेक्षतामा गरीन्छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरक फरक स्थानका फरक फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ । यसका लागि राष्ट्रियस्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ । स्थानीय पाठ्यक्रमले मूलतः स्थानीय आवश्यकता, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटेको हुनुपर्दछ । पूरानो पुस्तामा रहेको ज्ञान, सिप र प्रविधिलाई नयाँ पुस्तामा हस्तान्तरण समेत गर्नको लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहन्छ । नयाँ शिक्षा योजनाको रुपमा चिनिएको "राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८" ले विभिन्न ऐच्छिक विषयहरू अध्ययन गर्न पाउने व्यवस्था गरेको थियो ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरे अनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो । तर उक्त प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेको पाइएन । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ मा परिमार्जन भई स्थानीय पाठ्यक्रमलाई समेत विशेष महत्त्व दिँदै केही व्यापकबनाउने कार्य भयो । परिमार्जित पाठ्यक्रममा पहिलेको मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिदै पाठ्यभार वृद्धि गरी साप्ताहिक पाठ्यभार ४ बनाइयो भने सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०/२० प्रतिशत भार स्थानीय अंशको रूपमा राख्ने व्यवस्था गरीयो । त्यसैगरी आधारभूत शिक्षा कक्षा (६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरीएको छ । त्यस्तै नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय शिक्षा नीति, २०७६ ले समेत स्थानीय पाठ्यक्रमको विषयमा नीतिगत व्यवस्था गरेको पाइन्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले स्थानीय पाठ्यक्रमको विषयमा देहाए बमोजिम उल्लेख गरेको छः

- स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरीने छ।
- मुलुकको सङ्घीय संरचनाअनुकूल शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिनुपर्दछ।
- विद्यालय पाठ्यक्रममा मातृभाषा, स्थानीय ज्ञान, सिप, प्राकृतिक स्रोतसाधन तथा ऐतिहासिक र सांस्कृतिक पक्षलाई समायोजन (अनुकूलन) गर्दा स्थानीय आवश्यकतामा आधारित अध्ययनलाई पठनपाठनको महत्त्वपूर्ण क्षेत्रका रूपमा विकास गरीनेछ।
- राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरीनेछ।
- स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरीनेछ।
- स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरीनेछ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालय जिम्मेवार हुनेछ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूपको मार्गदर्शन र खाकाभित्र रही स्थानीय तहले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्नेछ।
- आधारभूत तहको कक्षा ८ सम्मको पाठ्यक्रम संरचनामा समेटिएको मातृभाषा स्थानीय विषयको पाठ्यक्रम, पाठ्यपुस्तक एवम् पाठ्यसामग्री विकास सम्बन्धीत स्थानीय तहले गर्नेछ।
- स्थानीय ज्ञान, सिप तथा प्रविधिमा आधारित पेसा, व्यवसायको प्रवर्धनका लागि स्थानीय पाठ्यक्रमको व्यवस्था गरी कार्यान्वयन गरीनेछ।

यसरी विगत पाँच दशकदेखि वर्तमान समयसम्म स्थानीय पाठ्यक्रमको विषयमा विभिन्न दस्तावेजहरूले जोड गर्दै आएको, वर्तमान समयमा सङ्घीय नेपालको विकेन्द्रित संरचना कार्यान्वयनमा समेत स्थानीय पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। स्थानीय ज्ञान, सिप र प्रविधिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परीवेशमा पुर्याउन, आफ्नो स्थानीय संस्कार तथा संस्कृतिको रक्षा गर्न र विद्यार्थीहरूमा अपनत्वको भावना विकास गर्न समेत स्थानीय पाठ्यक्रम एक कोशेढुङ्गा साबित हुने देखिन्छ।

## १.८ पाठ्यक्रम ढाँचा

आधारभूत शिक्षा (कक्षा ६–८) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक, वातावरण, जनसङ्ख्या, मानवमूल्य, स्वास्थ्य शारीरिक तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू नै प्रदान गरिने छ। स्थानीय आवश्यकतामा आधारित अध्ययनअन्तर्गत विद्यार्थीहरूलाई मातृभाषा वा स्थानीय कला, संस्कृति, सिप इत्यादिमा आधारित विषयवस्तु समावेश गर्न सकिने छ। साधारण जीवनका लागि आवश्यक अन्तरवैयक्तिक सिपहरू, स्वसचेतना सिपहरू, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइका सिपहरू, निर्णय गर्ने सिपहरू, सूचना प्रविधिसम्बन्धी सिपहरू र द्वन्द्व तथा तनाव व्यवस्थापनसम्बन्धी सिपहरू एकीकृत गरी पाठ्यक्रम विकास गरिने छ। यसप्रकार व्यवस्थित हुने पाठ्यक्रममको विषयगत संरचना निम्नानुसार हुने छः

**(क) साधारण शिक्षा (कक्षा ६-८)**

| क्र स | विषय | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययनतथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सृजनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय (हाम्रो सामाजिक मुल्य मान्यता र नैतिक शिक्षा) | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

**(ख) संस्कृत/गुरुकुल/वेद विद्याश्रम शिक्षा (कक्षा ६-८)**

| क्र स | विषय | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी/संस्कृत रचना | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि/वेद | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा/कर्मकाण्ड | ५ | १६० |
| ६ | संस्कृत भाषा | ३ | ९६ |
| ७ | संस्कृत व्याकरण/नीति शास्त्र | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

## १.९ विषयगत पाठ्यक्रमका अङ्गहरू

कुनै विषयवस्तुको पाठ्यक्रम तयार गर्दा सामान्यतया प्रमुख रुपमा देहाय बमोजिमका अङ्गहरू समावेश गरीएका हुन्छन् :

(क) परिचय

(ख) तहगत सक्षमता

(ग) कक्षागत सिकाइ उपलब्धि

(घ) विषयवस्तुको क्षेत्र तथा क्रम

(ङ) विषयवस्तुको विस्तृतीकरण तथा सम्भावित शिक्षण सिकाइ क्रियाकलाप

(च) सिकाइ सहजीकरण प्रक्रिया

(छ) विद्यार्थी मूल्याङ्कन प्रक्रिया

# खण्ड - दुई
# हाम्रो सामाजिक मुल्य मान्यता र नैतिक शिक्षा

## २.१ परिचय

यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले निर्दिष्ट गरेका प्रावधानलाई ध्यान दिई विकास गरीएको छ । सङ्घीय स्तरमा निर्माण गरीने पाठ्यक्रमले स्थानीय आवश्यकता, अवसर र सम्भावनालाई सही ढङ्गले सम्बोधन गर्न कठिन हुने भएकोले पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग बाञ्छनीय हुन्छ भन्ने मान्यता अहिले आएर स्थापित भएको पाइन्छ । शिक्षाका विशिष्ट उद्देश्य तथा साधारण उद्देश्यलाई सिकारूसम्म पुर्याउने एउटा सहज मार्गको रूपमा पनि पाठ्यक्रमलाई लिने गरेको परिप्रेक्षमा समग्र शिक्षण सिकाइको योजनाको रूपमा पनि पाठ्यक्रमलाई लिने गरेको देखिन्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहित गरेसँगै स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रहि स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन थालेको सुखद पक्ष पनि छ । टीकापुर नगरपालिकाले विशेषतः विद्यार्थीहरुमा नागरिक चेतना, स्थानीय तहबाट प्रदान गरिने सेवाहरु, टीकापुर नगरपालिकाको परिचय, नक्साङ्कन र इतिहास, नगर भित्रको रीतिरिवाज, संस्कार र संस्कृति, स्थानीय धार्मिक र पर्यटकीय स्थलहरू, स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधि, विद्यार्थीहरुमा नैतिक चरित्रको विकास जस्ता पक्षहरू समावेश गरी **हाम्रो सामाजिक मुल्य मान्यता र नैतिक शिक्षा** नामक स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०८१ बाट कक्षा ६ देखि लागू गर्ने योजनाका साथ पाठ्यक्रम निर्माण गरेको हो । यो पाठ्यक्रममा टीकापुर नगरपालिकाको ९ वटै वडाबाट प्राप्त सुझावहरूलाई समेटिएको छ । यसो हुँदा पाठ्यक्रममा स्थानीय आवश्यकताले समुचित स्थान पाएको छ ।

## २.२ पाठ्यक्रमको औचित्य

यो पाठ्यक्रम निर्माण गर्नुको उद्देश्य स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने, विद्यार्थीहरुमा नागरिक चेतना, स्थानीय तहबाट प्रदान गरिने सेवाहरुको जानकारी दिन, विद्यार्थीहरुमा नैतिक चरित्रको विकासको वातावरण तयार गर्न, विद्यार्थीहरूमा स्थानीय ज्ञान, सिप, अभिवृत्तिको विकास गर्ने, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा, व्यवसाय, प्रविधि, मूल्य-मान्यता, वातावरण संरक्षण तथा प्रवर्द्धन गर्ने रहेको छ । यसका लागि प्रारम्भिक कक्षादेखि नै स्थानीय परिवेशसँग परिचित गराउनका लागि स्थानीय पाठ्यक्रमको महत्त्वपूर्ण भूमिका हुन्छ । यो पाठ्यक्रम गरेर सिक्ने पद्धतिमा आधारितभई सिकाइ सहजीकरण गर्ने र विद्यार्थीहरूलाई उनीहरूले विभिन्न माध्यमबाट प्राप्त ज्ञान, सिप र अभिवृत्तिलाई विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापलाई जोड दिएको छ । स्थानीय ज्ञान, सिप, प्रविधि, मूल्यमान्यता, संस्कार, सभ्यता र संस्कृतिप्रति सुसूचित गराउँदै बालबालिकाहरूलाई स्थानीय स्रोत–साधनको पहिचान र परिचालन गर्न सहयोग पुगोस भन्ने उद्देश्यले पनि यो पाठ्यक्रम तयार गरीएको हो । बालबालिकाहरूलाई स्थानीय ज्ञान, सिप र प्रविधिलाई उपयोग गर्दै आत्मनिर्भर हुन र जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरीएको यस पाठ्यक्रमले टीकापुर नगरपालिकाको वस्तुस्थितिको बारेमा समुचित जानकारी समेत दिनेछ ।

## २.३ पाठ्यक्रम निर्माण प्रक्रिया

निर्धारित कार्य सम्पादन गर्नका लागि विभिन्न समय अवधिमा गरीने कार्यहरूको अलग अलग स्वरूपलाई चरण भनिन्छ। पाठ्यक्रम निर्माण कार्य पनि एउटा प्रक्रिया पूरा गरेर सम्पन्न हुन्छ। कक्षा (६-८) को स्थानीय पाठ्यक्रम तयार गर्नका लागि सम्पादन गरीएका चरणहरूलाई निम्नानुसार उल्लेख गरीएको छः

- आवश्यकता पहिचान (सरोकारवाला तथा प्रधानाध्यापकहरूको सर्वपक्षिय भेला)
- १३ सदस्यीय पाठ्यक्रम निर्माण समिति गठन
- विषयवस्तुहरूको विषयमा सुझाव सङ्कलन (शिक्षक, प्र.अ., जन प्रतिनिधि, नगर शिक्षा समिति, शिक्षकका पेसागत सङ्घ सङ्गठन, अन्य सङ्घ संस्थाका प्रतिनिधि आदि)
- समितिबाट मस्यौदा लेखनको विषयगत जिम्मेवारी प्रदान
- मुख्य सरोकारवाला सँग मस्यौदा माथि छलफल तथा सुझाव सङ्कलन
- राय सुझाव सहित सम्पादन
- नगर शिक्षा समितिमा पेश र स्विकृतिको लागि नगर कार्यपालिकाको वैठकमा सिफारिस
- नगर कार्यपालिकाबाट स्वीकृत
- अन्तिम मुद्रण प्रति (PRC) तयारी र छपाई
- प्रबोधीकरण, अभिमुखीकरण र कार्यान्वयन

## २.४ शिक्षाको माध्यम

टीकापुर नगरपालिकामा सामुदायिक विद्यालय र संस्थागत दुवै प्रकृतिका विद्यालयहरू रहेका छन्। विद्यालयको आन्तरिक सक्षमता, अभिभावकको चाहनाअनुसार शिक्षणको माध्यम छनोट हुने भएकाले यस हाम्रो सामाजिक मुल्य, मान्यता र नैतिक शिक्षा विषय अध्ययन अध्यापनका लागि माध्यम नेपाली भाषा वा अङ्ग्रेजी भाषा वा दुवै भाषा हुन सक्नेछ।

## २.५ पाठ्यक्रम मूल्याङ्कन

पाठ्यक्रम विकास कार्य एक समष्टिगत रूप हो। यस अन्तर्गत पाठ्यक्रम निर्माण, सङ्गठन, परिवर्तन, सुधार, कार्यान्वयन र मूल्याङ्कन लगायतका सबै पक्षहरू पर्दछन्। सामान्यतया प्रत्येक ५ वर्षमा पाठ्यक्रम परिमार्जन र प्रत्येक १० वर्षमा पाठ्यक्रम परिवर्तन गर्ने गरीन्छ। तर टीकापुर नगरपालिकाको हकमा आवश्यकताअनुसार पाठ्यक्रमको परिमार्जन एवम् सुधार कार्य समयको माग अनुसार अगाडि बढ्नेछ। समग्रमा पाठ्यक्रम मूल्याङ्कनका लागि निम्न आधारहरू लिने गरीन्छः

- विद्यार्थीको सिकाइ उपलब्धिस्तर
- शिक्षकको कार्य सम्पादन स्तर
- शिक्षणका लागि छुट्याइएको समय
- विद्यार्थीका विभिन्न व्यवहार तथा प्रभाव
- अभिभावक तथा समाजको अपेक्षा र प्रतिक्रिया
- सरोकारवालाको विद्यालयप्रतिको धारणा
- बदलिंदो सिकाइ प्रवृत्ति

### २.६ पठनपाठनको समयावधि

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार आधारभूत तह कक्षा (६-८) का लागि एक शैक्षिक सत्रमा कम्तिमा २०५ दिन कक्षा सञ्चालन हुने व्यवस्था गरीएको छ । विषयगत रूपमा हेर्दा यस स्थानीय पाठ्यक्रम हाम्रो टीकापुरका लागि वार्षिक रूपमा कक्षा (६-८) सम्म ४ पाठ्यघण्टा (Credit Hour) अर्थात १२८ कार्यघण्टा निर्धारण भएको छ । स्मरण रहोस् कि एक पाठ्यघण्टा भन्नाले ३२ घण्टाको समय अवधिलाई जनाउँछ । तोकिएको पाठ्यघण्टा (Credit Hour) नघट्ने गरी विद्यालयले विषयको आवश्यकता अनुसार साप्ताहिक कार्यतालिकाको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्नुपर्ने छ ।

### २.७ स्थानीय पाठ्यक्रम (कक्षा ६-८) का तहगत सक्षमता

स्थानीय पाठ्यक्रम (कक्षा ६-८) हाम्रो सामाजिक मुल्य मान्यता र नैतिक शिक्षाको अध्ययन पश्चात विद्यार्थीहरुमा निम्नलिखित सक्षमता हासिल हुने छनः

१. टीकापुर नगरपालिकाको विकासक्रम, समाज र सामाजिक विकासक्रमको जानकारी
२. आफु बस्ने समाजको धर्म, भाषा, कला र संस्कृतिको विषयमा जानकारी र उपयुक्त सामाजिक मुल्य मान्यताहरुको अनुशरण
३. असल चरित्र विकास र त्यसको अभ्यास
४. स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधाको बारेमा जानकारी तथा सार्वजनिक सम्पति संरक्षण तथा संवर्द्धनमा भुमिका बहन
५. व्यक्ति, समुदाय र समाज बिच असल सम्बन्ध स्थापना गर्नमा सहयोग
६. व्यक्तिगत अनुशासन तथा सकारात्मक सोचको विकास तथा व्यवहारमा प्रदर्शा
७. स्थानीय व्यावसायीक सिपको विकास तथा सामान्य आय-आर्जनका क्रियाकलापहरुमा सहभागी

### २.८ कक्षागत सिकाइ उपलब्धि

| विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कार्य घण्टा |
|---|---|---|---|---|
| १. हाम्रो समाज र सामाजिक विकास | १. टीकापुर क्षेत्रको ऐतिहासीक विकासक्रमको परिचय दिन<br>२. टीकापुरको भौगोलिक अवस्थाको परिचय दिन र सिमानाहरुको समेत सूची तयार पार्न<br>३. टीकापुर नगरपालिका र यस अन्तरगतका वडाहरुको जनसंख्या बताउन र एकआपसमा तुलना गर्न | १. मूख्य ऐतिहासीक घटनाहरु सहित टीकापुर क्षेत्रको विकास क्रम ब्याख्या गर्न<br>२. टीकापुर नगरपालिकाको भौगोलिक आकारप्रकार बताउन र वडाहरुको आकारप्रकारको एकआपसमा तुलना गर्न<br>३. टीकापुर नगरपालिकाको जनासाङ्ख्यिक बनोट उल्लेख गर्न | १. टीकापुर क्षेत्रको विगत र वर्तमान अवस्था बीच तुलना गर्न<br>२. टीकापुर नगरपालिको नक्शा कोर्न र नक्शामा भौगोलिक तथ्यहरु भर्न<br>३. टीकापुर नगरपालिकाको जनासाङ्ख्यिक अवस्थालाई तालिका, चार्ट वा रेखाचित्र बनाई प्रस्तुत गर्न | १७ |
| २. हाम्रा | १. हाम्रा सामाजिक तथा | १. हाम्रा सामाजिक तथा | १. हाम्रा सामाजिक तथा | १८ |

| | | | | |
|---|---|---|---|---|
| मुल्य मान्यताहरु | धार्मिक संस्कारसँग परिचित हुन<br>२. स्थानीय क्षेत्रमा अवस्थित पुराना संस्कृतिक तथा धार्मिक सम्पदा भएका स्थलहरुको पहिचान गर्न<br>३. सामाजिक सद्भाव र धार्मिक सहिष्णुताको आवस्यकता बताउन<br>४. आफ्नो परिवारमा तथा समाजमा बोलिने भाषाको महत्व बोध गर्न र सम्मान गर्न<br>५. आफ्नो गाउँघरमा रहेका विविध क्षेत्रका कलाप्रति सकारात्मक भावना निर्माण गर्न<br>६. स्थानीय स्तरमा मनाईने मुख्य चाडपर्वहरुसँग परिचित भई सोको सम्मान गर्न | धार्मिक संस्कारसँग परिचित भई सोअनुरूप व्यवहार गर्न<br>२. स्थानीय क्षेत्रमा अवस्थित पुराना संस्कृतिक तथा धार्मिक सम्पदा भएका स्थलहरुको महत्व बताउन<br>३. सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम गर्ने व्यवहार देखाउन<br>४. आफ्नो परिवारमा तथा समाजमा बोलिने भाषाको संरक्षण तथा सम्बर्धन गर्न<br>५. आफ्नो गाउँघरमा रहेका विविध क्षेत्रका कलाको खोजि गरी सोको संरक्षण प्रति सजग हुन<br>६. स्थानीय स्तरमा मनाईने मुख्य चाडपर्वहरुसँग परिचित भई सोको संरक्षण गर्न | धार्मिक संस्कारको खोजि गरी संरक्षण कार्यमा सहभागी हुन<br>२. स्थानीय क्षेत्रमा अवस्थित पुराना संस्कृतिक तथा धार्मिक सम्पदा भएका स्थलहरुको महत्व र संरक्षणका उपायहरु बताउन<br>३. विविधतामा एकताका रुपमा सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न<br>४. आफ्नो परिवारमा तथा समाजमा बोलिने भाषाको संरक्षण तथा सम्बर्धन कार्यमा सहभागी हुन<br>५. आफ्नो गाउँघरमा रहेका विविध क्षेत्रका कलाको खोजि गरी सोको संरक्षण कार्यमा सहभागी हुन<br>६. स्थानीय स्तरमा मनाईने मुख्य चाडपर्वहरुसँग परिचित भई सोको संरक्षणमा सहभागी हुन | |
| ३. चरित्र विकास | १. चरित्र निर्माणको अवधारणा र प्रभाव पर्ने तत्वहरु व्यक्त गर्न<br>२. चरित्र विकासका आधारशिलाहरु उल्लेख गर्न<br>३. असल चारित्रिक गुणको विकास गर्न | १. चरित्र विकासका विभिन्न अनुकरणिय अभ्यासहरु प्रस्तुत गर्न<br>२. मानविय आचरणका सम्बन्धमा धर्मका साझा सार सुचि बनाउन<br>३. धार्मिक एवम् सामाजिक आचरणबिच समन्वय गर्न | १.असल चरित्रको उदाहरण सहित व्याख्या गर्न र सो अनुसार व्यवहार गर्न<br>२. असल चरित्रले मानवीय जीवनमा पर्ने प्रभावको सुचि बनाई सो अनुरुपको व्यवहार गर्न<br>३. असल चरित्र निर्माणका लागि सत्य, सदाचार, | १५ |

| | | | | |
|---|---|---|---|---|
| | | | शान्ति, प्रेम र अहिंसा जस्ता मानवीय मूल्य र मान्यता व्यवहारमा प्रयोग गर्न | |
| ४. विद्यार्थी सचेतना, कर्तव्य र दायीत्व | १. विद्यार्थीको कर्तव्य र दायीत्वको अवधारण बताउन<br>२. विद्यालयप्रतिको दायीत्व बोध गर्न<br>३.स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधाबारे जानकार हुन<br>४. सार्वजनिक सम्पत्तिको परिचय र पहिचान गर्न<br>५. लागू पदार्थ दुर्व्यसनको परिचय दिन  र प्रकार भन्न | १. विद्यार्थीको नैतिक र कानुनी दायित्वको सूचि तयार गरी भन्न<br>२.विद्यालयप्रतिको दायीत्वको सूची तयार पार्न<br>३. स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधाहरु बताउन<br>४. सार्वजनिक सम्पत्तिको सम्मान र संरक्षण गर्ने उपाय वताउन।<br>५. लागू पदार्थ र दुर्व्यसनका परिणाम  र असर वताउन | १. विद्यार्थीको दायीत्व अनुसारको  व्यवहार गर्न।<br>२. विद्यालयप्रतिको दायीत्व  अनुसार व्यवहार गर्न।<br>३. स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधा लिने तरिका बताउन<br>४. सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्न।<br>५. लागूपदार्थ बाट बच्ने उपाय बताउन र जनचेतना जगाउन | २५ |
| ५.  हाम्रो जीवन पद्धति र विविधता | १. व्यक्ति, समुदाय र सामाजिक व्यवहारहरु बीच पारस्परिक सम्बन्धको आवश्यकता स्पष्ट गर्न।<br>२. नैतिकता को अर्थ र महत्व बताउन<br>३. नेतृत्वको परिचय र महत्व बताउन<br>४. विविधताको अर्थ र महत्व बताउन | १.व्यक्ति, समुदाय र सामाजिक व्यवहारहरु बीच पारस्पारिक अन्तरसम्बन्धको महत्व बताउन<br>२. असल नैतिकताको अभ्यास गरेका व्यक्तिहरुको सफलता प्रस्तुत गर्ने<br>३. असल नेतृत्वमा हुनु पर्ने अपरिहार्य गुणहरुको व्याख्या गर्न।<br>४. विविधताको सम्मानको आवश्यकता बताउन। | १. हरेक सामाजिक विकास कार्यमा व्यक्ति समुदाय वीच अन्तर सम्बन्धको अपरिहार्यता पुष्टि गर्न<br>२. असल नैतिकता सम्बन्धि अभ्यासको आवश्यकता पुष्टि गर्न ।<br>३. असल नेतृत्व समुहको विकासलाई पुष्टि गर्न।<br>४. विविधताको सम्मान भएका अभ्यासहरु देखाउन। | २० |
| ६. अनुशासन तथा सकारात्मक सोच | १. अनुशासन र स्व व्यवस्थापनको परिचय र महत्व बताउन।<br>२. योग (आसन प्रणायाम) ध्यानको अर्थ र परिचय बताउन | १. अनुशासन र स्व व्यवस्थापनको अन्तर सम्बन्धको व्याख्या गर्न।<br>२. योग (आसन प्रणायाम) ध्यान र स्वस्थ चिन्तनको महत्व बताउन। | १. सफलताको मुल मन्त्र अनुशासन र स्व व्यवस्थापन  पुष्टि गर्न।<br>२. योग (आसन प्रनायामम) ध्यान र स्वस्थ चिन्तनको अभ्यास गर्न। | १८ |

| | | | | |
|---|---|---|---|---|
| | ३. सकारात्मक सोच र तनाब व्यवस्थापनको परिचय र महत्व बताउन | ३. सकारात्मक सोच र तनाब व्यवस्थापनको आवश्यकता पुष्टि गर्न । | ३. सकारात्मक सोच र तनाब व्यवस्थापन गर्न अपनाउनु पर्ने विधिहरु उल्लेख गर्न । | |
| ७. हाम्रा आर्थिक क्रियाकलाप | १.स्थानीय आर्थिक क्रियालापको परिचय र महत्व बताउन<br>२. स्थानीय उत्पादन अन्तर्गत कृषि र पशुपालनको पहिचान गर्न<br>३. स्थानीय पर्यटकिय स्थलहरुको नाम सहित पहिचान गर्न<br>४. हस्तकलाका सामाग्री निर्माणका लागी आवश्यक पर्ने स्थानीय सामग्रीहरुको सुचि बनाउन<br>५. स्थानिय उत्पादनको बजारीकरणको सम्भावना भन्न | १.नगरपालिका भित्रका पर्यटकिय क्षेत्रको परिचय दिन र आर्थिक महत्व बताउन<br>२. स्थानीय कृषि उत्पादन र पशुपालनका विधि जान्न र व्यवहारमा उतार्न ।<br>३.स्थानीय विउ बिजन भण्डारणका परम्परागत शैलिको पहिचान र अबलम्बन गर्न ।<br>४. स्थानीय परम्परागत हस्तकलाका सामाग्रीहरु निर्माण गर्न<br>५. स्थानीय उत्पादनको बजारीकरणमा छिमेकी मुलुकको आयातले पार्ने प्रभाव बताउन | १.परम्परागत पेशा, व्यावसाय र प्रविधिको परिचय दिन तथा महत्व भन्न ।<br>२.स्थानीय गुड उत्पादन तथा केराका परिकार र बजारीकरणको संम्भावनाबारे पहिचान गरी परिचय दिन ।<br>३. नगरपालिकामा पर्यटन व्यवसाय विकासका अवसर र चुनौती पहिचान गर्न ।<br>४. पर्यटन व्यवसाय प्रवर्द्धन, व्यवसाय विस्तार, कृषिको आधुनिकीकरणका लागी नगरको योजनाबारे भन्न ।<br>५. स्थानीय उत्पादनको बजारीकरणमा छिमेकी मुलुकको आयातले पार्ने प्रभावलाई कम गर्ने उपाय बताउन । | १५ |

## २.९ विषयवस्तुको क्षेत्र र क्रम, विषयवस्तुको विस्तृतिकरण सम्भावित शिक्षण सिकाई क्रियाकलाप र मुल्याङ्कन प्रक्रिया

**कक्षा-६**

| क्र स | विषयवस्तुको क्षेत्र र क्रम | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतिकरण | मुख्य सिकाई क्रियाकलाप | सम्भावित मुल्याङ्कन प्रक्रिया/नमुना प्रश्न | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | हाम्रो समाज र सामाजिक विकास | १.१ २०२८ साल भन्दा अगाडी र २०२८ साल देखि हालसम्मको टीकापुर क्षेत्रको बस्ती विकास<br>१.२ टीकापुर नगरपालिका को भौगोलिक र प्रशासनिक अवस्था<br>१.३ टीकापुर नगरपालिकाको जनसंख्याको अवस्था | • आफ्नो वडामा विगत ५ बर्षमा भएको विकासको अवस्थाबारे विद्यार्थीहरुबीच छलफल गराउने ।<br>• टीकापुर क्षेत्रको बस्ती विकासक्रमका सम्बन्धमा मूख्य घटनाहरु सहितको चार्ट प्रर्दशन गर्ने र छलफल गर्ने ।<br>• एटलसमा सुदूरपश्चिम प्रदेश र कैलाली जिल्लाको राजनीतिक तथा प्रशासनिक नक्शा खोज्न लगाउने ।<br>• त्यसपछि टीकापुर नगरपालिकाको नक्शा देखाई यसको सिमानामा पर्ने पालिकाहरुको नाम समेत टिपोट गर्न लगाउने<br>• विभीन्न सोतहरु बाट तथ्यांक संकलन गरि टीकापुर नगरपालिकाको वडागत जनसंख्याको चार्ट प्रर्दशन गर्ने र वडाहरुको जनसंख्या एकआपसमा तुलना गर्न लगाउने | १. राजा महेन्द्रले टीकापुर पार्कमा कहिले विश्राम गरे ?<br>२. मानिसको बस्ती बसाउनका लागि टीकापुर क्षेत्रको जंगल फडानी गर्ने काम कहिले सुरु भयो ?<br>३. टीकापुर विकास समिति ऐन कहिले देखि लागु भयो ?<br>४. टीकापुर नगरपालिकासंग कुन कुन पालिकाहरुको सिमाना जोडिएको छ ?<br>५. धरातलीय स्वरुपका आधारमा टीकापुर नगरपालिका कुन प्रदेशमा रहेको छ ?<br>६. टीकापुर नगरपालिकाको जनसंख्या कति छ?<br>७. जनसंख्याको हिसाबले सबैभन्दा कम जनसंख्या भएको वडा कुन हो ? | १७ |
| २ | हाम्रा मुल्य मान्यताहरु | २.१ हाम्रो संस्कार<br>▪ सामाजिक संस्कार जन्म (नामाकरण), | • प्रश्नोत्तर विधिबाट विद्यार्थीहरुलाई स्थानीय सामाजिक तथा धार्मिक | १. सामाजिक तथा धार्मिक संस्कारहरुको सुची तयार | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विवाह र मृत्यु<br>▪ धार्मिक संस्कार<br>प्रार्थना, पूजा, परोपकार<br>२.२ हाम्रो धर्म<br>▪ हाम्रा धार्मिक तथा सांस्कृतिक सम्पदाहरु (पहिचान)<br>▪ धार्मिक सहिष्णुता (अनेकतामा एकता)<br>२.३ हाम्रो भाषा, कला र संस्कृति<br>▪ हाम्रो भाषा (थारू, अछामी, डोटेली, मगर आदि)<br>▪ हाम्रो कला (गोंरी-ढकिया, डेल्वा आदि)<br>▪ हाम्रो संस्कृति (चाडपर्व तथा पहिरन ) | संस्कारहरुको सुची तयार गर्न लगाउने ।<br>• स्थानीय समुदायमा विद्यमान विभिन्न जातजातिको जन्म विवाह र मृत्यु संस्कारको तालिका प्रस्तुत गरि छलफल गर्ने/ गराउने<br>• विभिन्न धार्मिक संस्कार र गतिविधि सँग सम्बन्धित भिडियो चित्र प्रदर्शनी गरि स्पष्ट गर्ने<br>• स्थानीय धार्मिक तथा सांस्कृतिक सम्पदाहरु जस्तै: मठ मन्दिर, गुम्बा, चर्च, मरुवा, मस्जिद आदिको समुहमा छलफल गरि र प्रस्तुतीकरण गर्न लगाउने<br>• धार्मिक विविधता बिचको एकता र धार्मिक सहिष्णुतालाई उदाहरण, कथा मार्फत आवश्यकता बोध गराउने<br>• विद्यार्थीलाई आफ्नो घरमा बोल्ने भाषामा कथा कविता पालै पालो भन्न लागाई अरुको भाषाको सम्मान गर्न प्रेरित गर्ने<br>• चित्र, चार्ट , भिडियो प्रदर्शन गरी स्थानीय स्तरमा भएका कला प्रति सकारात्मक सोच को विकासमा जोड दिने<br>• विद्यार्थीलाई समुहमा विभाजन गरी | गर्नुहोस ।<br>२. आफ्नो घरमा गरिने जन्म, विवाह र मृत्यु संस्कार मध्ये कुनै एकको बारेमा भन्नुहोस ।<br>३. विभिन्न धार्मिक संस्कार र गतिविधि सँग सम्बन्धित एक अनुच्छेद लेख्नुहोस ।<br>४. मठ मन्दिर, गुम्बा, चर्च, मरुवा, मस्जिद आदि मध्ये कुनै एकको विषयमा निबन्ध लेख्नुहोस ।<br>५. आफ्नो घरमा बोल्ने भाषामा कथा वा कविता भन्नुहोस ।<br>६. स्थानीय स्तरमा भएका कलाप्रतिको आफ्नो धारणा व्यक्त गर्नुहोस ।<br>७. आफ्नो परिवार र गाउँ समाजमा मनाउने चाडपर्वहरुको नाम भन्नुहोस ।<br>८. विभिन्न चाडपर्वहरुमा लगाइने पहिरनहरुको नाम भन्नुहोस । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आफ्नो परिवार र गाउँ समाजमा मनाउने चाडपर्वहरुको नाम भन्न लगाउने र सबैको चाडपर्व तथा संस्कार अनुसारको पहिरनको सम्मान गर्न अभिप्रेरित गर्ने | | |
| ३ | चरित्र विकास | ३.१ चरित्र निर्माणको अवधारणा<br>३.२ चरित्र निर्माणमा प्रभाव पार्ने तत्त्वहरु<br>३.३ चरित्र निर्माणका आधारशिलाहरु | • विद्याथीले पालना गर्नुपर्ने अनुशासनसँग सम्बन्धित पक्षको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउने र आवश्यकता अनुसार पृष्टपोषण प्रदान गर्ने<br>• मान्यजन तथा पाहुनाको सम्मान र सत्कार गर्न स्थानीय प्रचलनका बारेमा भूमिका अभिनय गर्न लगाउने<br>• असल मानिस बन्न गर्नुपर्ने कामहरुका बारेमा अन्तरक्रिया गराउने<br>• चरित्र विकासमा प्रभाव पर्ने तत्वहरुका बारेमा समुहगत रुपमा छलफल गराउने तथा विद्याथीहरुका विचारहरु टिपोट गरि आवस्यक पृष्टपोषण समेत दिने<br>• विद्यार्थी स्वयं, उसको घर परिवार र समाजले स्वयं विद्यार्थीको चरित्र निर्माणमा कस्तो सहयोग पुर्याइरहेका छन् भनी टिपोट प्रस्तुत गर्न लगाउने<br>• स्थानीय असल अभ्यास तथा सँस्कारको स्थलगत भ्रमण गराई प्रतिबेदन तयार गर्न लगाउने<br>• हाम्रो समाजमा हुने गरेका सत्कार्यबाट | १. असल मानिसमा हुनुपर्ने कुनै पाँच ओटा गुणहरु बताऊनुहोस ।<br>२. घरमा आउने पाहुना र मान्यजनलाई के कसरी सेवा सत्कार गरिन्छ ? भन्नुहोस ।<br>३. चरित्र निर्माणमा प्रभाव पार्ने तत्वहरु के के हुन् ? सुची बनाउनुहोस ।<br>४. स्थानीय तहमा भएका असल चरित्र निर्माण सम्बन्धि अभ्यास तथा संस्कार के के छन् ? भन्नुहोस ।<br>५. असल कुरा गर्ने व्यक्तिहरु मध्ये तिपाँईले देखे जानेको कुनै एक व्यक्तिका बारेमा बताऊनुहोस ।<br>६. असल चरित्र विकासका कुनै पाँचवटा आधारशिला भन्नुहोस् । | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | चरित्र निर्माणमा पुग्ने सहयोगका बारेमा बुंदाहरु टिपोट गर्न लगाउने<br>• हाम्रो घर, परिवार र समाजमा रहेका उदाहरणिय व्यक्तित्वको कार्यहरुका बारेमा जीवनी लेख्न लगाउने | | |
| ४ | विद्यार्थी सचेतना, कर्तव्य र दायीत्व | ४.१ कर्तव्य र दायित्वको अवधारणा<br>• विद्यार्थीको ब्यक्तिगत र पारिवारिक कर्तव्य र दायित्व<br>• विद्यालय प्रतिको दायित्व<br>४.२ स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधा<br>• स्थानीय तहको परिचय<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा<br>• स्थानीय तहका (नगरपालिका) शाखाहरु<br>४.३ सार्वजनिक सम्पत्तिको परिचय<br>• सार्वजनिक सम्पत्ति<br>• सार्वजनिक सम्पत्तिको पहिचान<br>४.४ लागूपदार्थ दुर्व्यसन<br>• लागूपदार्थ दुर्व्यसनको परिचय<br>• लागूपदार्थ दुर्व्यसनका विभिन्न प्रकार | • कर्तव्यका विभिन्न चित्रहरु देखाइ विद्यार्थीहरुलाई छलफल गर्न लगाउने<br>• विभिन्न उदाहरण मार्फत विद्यार्थीको कर्तव्यको बारेमा विद्यार्थीहरुलाई जानकारी गराउने<br>• विद्यार्थीलाई कर्तव्य के हो भनेर विभिन्न प्रश्नहरु गर्ने र कर्तव्यको सूचि तयार पार्न लगाउने<br>• विद्यालय प्रतिको दायीत्वबारे छलफल गराई सूची तयार पार्न लगाउने<br>• स्थानीय तहको अवधारणा बताउने<br>• स्थानीय तहबाट प्रदान गिरने सेवा सुविधाको सूचि देखाइ छलफल गर्न लगाउने<br>• स्थानीय तहमा विद्यार्थीहरुलाई लगेर स्थानीय तहले प्रदान गर्ने सेवा सुविधाका बारेमा छलफल गर्न लगाउने<br>• सार्वजनिक सम्पतिको बारेमा छलफल गर्ने<br>• विभिन्न सार्वजनिक सम्पत्तिको चित्र | १. कर्तव्यको परिचय दिनुहोस्।<br>२. पारिवारिक दायित्व भनेको के हो ?<br>३. विद्यार्थीको कर्तव्यको सूचि तयार पार्नुहोस्।<br>४. कर्तव्यको भनेको के हो ?<br>६. विद्यालय प्रतिको दायित्व के के हुन् ?<br>७. स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधाको सूचि तयार पारि उक्त सेवा सुविधाहरुको वर्गीकरण गर्नुहोस्।<br>८. सार्वजनिक सम्पत्तिको सूचि बनाउनुहोस्।<br>९. तपाईको वरपर रहेको सार्वजनिक सम्पत्तिको चित्र बनाउनुहोस्।<br>१०. लागूपदार्थ दुर्व्यसन भनेको के हो ?<br>११. लागूपदार्थ सेवनका कारणहरु | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रस्तुत गरी छलफल गर्न लगाउने<br>• स्थानीय स्तरका सार्वजनिक सम्पत्ति पहिचानका लागि  अवलोकन भ्रमण गरी सूची तयार पार्न लगाउने<br>• विद्यार्थीहरुलाई परियोजना कार्य गर्न लगाउने ।<br>• लागूपदार्थ दुर्व्यसनको विभिन्न उदाहरण दिने<br>• लागूपदार्थ दुर्व्यसनका परिचय दिने<br>• लागूपदार्थ दुर्व्यसनका विभिन्न प्रकारहरुबारे वताउने<br>• लागूपदार्थ दुर्व्यसनका चित्रहरु प्रस्तुत गरी छलफल गर्ने<br>• लागूपदार्थ दुर्व्यसनका बारेमा परियोजना कार्य गर्न लगाउने | भन्नुहोस् ।<br>१२. लागूपदार्थ दुर्व्यसन अन्तर्गत के के पर्दछन् ? | |
| ५ | हाम्रो जीवन पद्धति र विविधता | ५.१ व्यक्ति, समुदाय र सामाजिक व्यवहारहरु बीच पारस्परिक सम्बन्धको अर्थ<br>५.२ नैतिकताको अर्थ र महत्व<br>५.३ नेतृत्वको परिचय र महत्व<br>५.४ विविधताको अर्थ र महत्व | • व्यक्ति, समुदाय र सामाजिक व्यवहार बीच पारस्पारिक सम्बन्धको नमुना प्रस्तुत गर्ने ।<br>• नैतिकताको अर्थ बताई नैतिकताको महत्वको बारेमा छलफल गराउने ।<br>• नेतृत्वको परिचय र महत्वको विषयमा छलफल गर्न लगाउने ।<br>• विविधताको अर्थ र आवश्यकताको व्याख्या गरि यसको महत्वबारे छलफल गराउने । | १. व्यक्ति र समुदायका कार्यहरु सामाजिक व्यवहार अन्तरगत पर्दछन् वा पर्दैनन् ? स्पष्ठ पार्नुहोस ।<br>२. व्यक्ति र समुदायका गलत सामाजिक कार्यलाई कसरि कम गर्न सकिन्छ ?<br>३. नैतिकताको अर्थ र महत्व बताउनुहोस ।<br>४. नेतृत्वको परिचय र महत्व | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लेख्नुहोस्। <br>५. विविधताको सम्मान कसरि गर्न सकिन्छ ? <br>६. विविधताको अर्थ र महत्व बताउनुहोस्। | |
| ६ | अनुशासन तथा सकारात्मक सोच | ६.१ अनुशासन र स्वःव्यवस्थापनको परिचय र महत्व। <br>६.२ योग (आशन प्रणायाम) ध्यान र स्वस्थ चिन्तन <br>६.३ सकारात्मक सोच र तनाव व्यवस्थापन | • अनुशासन र स्वः व्यवस्थापनको अर्थ स्पष्ट गरी महत्व बताउने। <br>• योग (आसन, प्रणायाम) ध्यान र स्वस्थ चिन्तनका बारेमा छलफल गरी अर्थ स्पष्ट गर्ने। <br>• सकारात्मक सोच र तनाब व्यवस्थापनको विषयमा छलफल गराउने र महत्व बताउने । | १. अनुशासन भनेको के हो ? <br>२. "स्वःव्यवस्थापनले मानिसहरुलाई अनुशासित बन्न सहयोग गर्छ" पुष्ठि गर्नुहोस? <br>३. अनुशासन र स्व व्यवस्थापनको महत्व लेख्नुहोस्। <br>४. योग भनेको के हो ? <br>५. योगको अर्थ बताउनुहोस् ? <br>६. मानिसमा सकारात्मक सोच किन आवश्यक छ ? <br>७. तनाब व्यवस्थापनबाट हुने फाइदा लेख्नुहास् ? | १८ |
| ७ | हाम्रा आर्थिक क्रियाकलाप | ७.१ स्थानिय आर्थिक क्रियाकलापहरु <br>• कृषि (परिचय र महत्व) <br>• पशुपालन <br>७.२ स्थानिय उत्पादन <br>• कृषि (धान, मकै, गहुँ, केरा, बगरखेती, फुलखेती, तरकारी तथा फलफुल) र पशुपालन (भैंसी, गाई बाख्रा, कुखुरा) | • स्थानीय कृषि तथा पशुपालनको चित्र, फार्महरु अवलोकन गरी परिचय र महत्व का बारेमा छलफल गर्ने। <br>• स्थानीय उत्पादन (धान, मकै, गहुँ, केरा, बगरखेती, फुलखेती, तरकारी तथा फलफुल) को बारेमा समुह बनाई छलफल गर्न लगाई प्रर्दशन गर्न लगाउने। | १. स्थानीय तहमा गरिने कृषिको परिचय दिनुहोस्। <br>२. स्थानीय तहमा गरिने पशुपालनको ४ महत्व भन्नुहोस्। <br>३. स्थानीय उत्पादन को परिचय दिइ उत्पादन क्षेत्रको नाम | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | को परिचय तथा उत्पादनको क्षेत्र पहिचान<br>७.३ स्थानीय पर्यटकिय स्थलहरु<br>७.४ हस्तकलाका सामाग्री<br>• डोरी, बेंर्री, डोका, चकटी, डेलुवा, डेहरी, वेत, बाँस<br>• आवश्यक पर्ने स्थानीय सामग्रीहरु<br>७.५ स्थानिय उत्पादन र वजारीकरण<br>• हाट बजार, पसल, सब्जी मन्डी | • स्थानीय पर्यटकिय स्थलहरुको अवलोकन भ्रमण गरी तिनको अवस्थिति र नाम भन्न लगाउने ।<br>• चित्र, श्रव्य दृश्य भिडियो, र समूह छलफलका माध्यम बाट हस्तकलाका सामाग्री (डोरी, बेंर्री, डोका, चकटी, डेलुवा, डेहरी, वेत, बाँस) बाट निर्माणका लागी आवश्यक पर्ने स्थानीय सामग्रीहरुको सुचि बनाउन ।<br>• स्थानीय उत्पादनको वजारीकरणको अवलोकन भ्रमण गरी सम्भावना बारे छलफल गराउने । (हाट बजार, पसल, सब्जी मन्डी) | भन्नुहोस् ।<br>४.स्थानीय स्तरमा पालिने पशुपंक्षीबाट लिन सकिने ३ वटा फाइदाहरु भन्नुहोस ?<br>५. स्थानीय पर्यटकिय स्थलहरुको नाम सहित परिचय दिनुहोस् ।<br>६. हस्तकलाका सामाग्री निर्माणका लागी आवश्यक पर्ने स्थानीय रुपमा उपलब्ध सामग्रीहरुको नाम भन्नुहोस् ।<br>७. स्थानीय उत्पादनको बजारीकरणको सम्भावना भन्नुहोस । | |

**कक्षा-७**

| क्र स | विषयवस्तुको क्षेत्र र क्रम | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतिकरण | मुख्य सिकाई क्रियाकलाप | सम्भावित मुल्याङ्कन प्रक्रिया/नमुना प्रश्न | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | हाम्रो समाज र सामाजिक विकास | १.१ २०२८ साल भन्दा अगाडी र २०२८ साल देखि हालसम्मको टीकापुर क्षेत्रको बस्ती विकास<br>१.२ टीकापुर नगरपालिका को भौगोलिक र प्रशासनिक अवस्था<br>१.३टीकापुर नगरपालिकाको जनसंख्याको अवस्था | • टीकापुर क्षेत्रको बस्ती विकास क्रमसंग सम्बन्धित मूख्य घटनाहरुको मिति सहितको चार्ट प्रर्दशन गर्ने र छलफल गर्ने ।<br>• टीकापुर नगरपालिकाको नक्शा देखाई यस अन्तगतका वडाहरुको आकार बारे ब्याख्या गर्ने, छलफल गर्नै ।<br>• लिङ्गका आधारमा टीकापुर नगरपालिकाको जनसंख्याको चार्ट प्रर्दशन गर्ने र छलफल गराउने । | १.टीकापुर विकास समिति ऐन कहिले खारेज भयो ?<br>२. धनसिंहपुर र नारायणपुर गा. वि.स.लाई कहिले देखि टीकापुर नगरपालिकामा गाभियो ?<br>३. टीकापुर नगरपालिकाको सबैभन्दा सानो वडा कुन हो ?<br>४. टीकापुर नगरपालिकाको महिलाको जनसंख्या कति छ?<br>५. टीकापुर नगरपालिका मा पुरुष जनसंख्या कति प्रतिशत छ ? | १७ |
| २ | हाम्रा मुल्य मान्यताहरु | २.१ हाम्रो संस्कार<br>▪ सामाजिक संस्कार जन्म (नामाकरण), विवाह र मृत्यु<br>▪ धार्मिक संस्कार, प्रार्थना, पूजा, परोपकार<br>२.२ हाम्रो धर्म<br>▪ हाम्रा धार्मिक तथा सांस्कृतिक सम्पदाहरु (महत्व)<br>▪ एकता नै बल हो<br>२.३ हाम्रो भाषा, कला र संस्कृति<br>▪ हाम्रो भाषा (थारू, अछामी, डोटेली, | • स्थानीय समुदायमा विद्यमान विभिन्न जातजातिको जन्म विवाह र मृत्यु संस्कार तथा विभिन्न धार्मिक संस्कारसँग सम्बन्धित भिडियो चित्र संकलन गरी प्रदर्शन गर्न लगाउने<br>• स्थानीय धार्मिक तथा संस्कृतिक सम्पदाहरु जस्तै: मठ मन्दिर, गुम्बा, चर्च, मरुवा, मस्जिद आदिको अवलोकन भ्रमण गराउने र प्रतिवेदन तयार पार्न लगाउने | १. तपाँईको घरमा गरिने जन्म विवाह र मृत्यु संस्कार मध्ये कुनै एकको बारेमा निबन्ध लेख्नुहोस<br>२. विभिन्न धार्मिक संस्कार र गतिविधिहरुको विषयमा एक अनुच्छेद लेख्नुहोस ।<br>३. मठ मन्दिर, गुम्बा, चर्च, मरुवा, मस्जिद मध्ये कुनै एकको बारेमा निबन्ध लेख्नुहोस ।<br>४. आफ्नो घरमा बोल्ने भाषामा गीत वा कथा वा कविता भन्नुहोस । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मगर आदि )<br>▪ हाम्रो कला (बेतबांस- छिट्नी,फूलदानी, हातेपंखा आदि)<br>▪ हाम्रो संस्कृति (चाडपर्व तथा खाना) | • धार्मिक विविधता बिचको एकता र धार्मिक सहिष्णुतालाई गीत, कथा मार्फत कक्षा कोठालाई उदाहरणका रुपमा लिई विविधतामा एकता झल्कने क्रियाकलाप गराउने<br>• विद्यार्थीलाई आफ्नो घरमा बोल्ने भाषामा कथा कविता पालै पालो भन्न लागाई अरुको भाषाको संरक्षण गर्न प्रेरित गर्ने<br>• चित्र, चार्ट , भिडियो प्रदर्शन गरी स्थानीय स्तरमा भएका कला को खोजि गर्न लगाउने र सो को संरक्षण प्रति अभिप्रेरित गर्ने<br>• विद्यार्थीलाई समुहमा विभाजन गरी आफ्नो परिवार र गाउँ समाजमा मनाउने चाडपर्वहरुको नाम भन्न लगाउने र सबैको चाडपर्व तथा संस्कारगत खानाको संरक्षण गर्न अभिप्रेरित गर्ने | ५. स्थानीय स्तरमा भएका कला संरक्षणका उपायहरु भन्नुहोस।<br>६. आफ्नो परिवार र गाउँ समाजमा मनाउने चाडपर्वहरुको बारेमा निबन्ध लेख्नहोस।<br>७. विभिन्न चाडपर्वहरुमा खाइने खानाका परिकारहरुको नाम भन्नुहोस्। | |
| ३ | चरित्र विकास | १.१ चरित्र विकासका नमुनाहरु<br>१.२ मानवीय आचरणका सम्बन्धमा धर्मका साझा सार<br>१.३ समन्वय | • असल चरित्र निर्माणमा विद्याथीको भूमिका कस्तो हुन्छ भन्ने विषयमा छलफल गरि आएका बुँदा टिपोट गर्ने<br>• विद्याथीहरुलाई समाजमा असल चरित्रको नमुना प्रस्तुत गर्न | १. कस्ता मानिसहरु समाजमा सबैका प्रिय हुन्छन्? लेख्नुहोस।<br>२. सबै धर्मका साझा सारहरु के के हुन् ? सुचि बनाउनुहोस।<br>३. धर्मका साझा सारले के कुरामा जोड दिन्छन्? भन्नुहोस। | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आवस्यक पर्ने व्यावहारिक चरित्रहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने<br>• विद्याथीहरुलाई घर, परिवार र समुदायमा के कस्ता असल चरित्र भएका व्यक्तिहरु छन् ? असल हुनुका कारण सहित अभिभावकसँग सोधेर ल्याई कक्षाकोठामा प्रस्तुत गर्न लगाउने<br>• पाठ सुरु गर्नु भन्दा पहिला आ-आफ्नो धार्मिक मान्यता अनुसार करिब तिन मिनट सम्म मौन बस्न लगाई मौन बस्दाको अनुभव प्रस्तुत गर्न लगाउने<br>• विभिन्न घटना, परिवेश र परिस्थितिको अध्यन विश्लेषण गर्न लगाई त्यहाँ दान, प्रेम, त्याग, क्षमा र धैर्य जस्ता धर्मका साझा सारलाई उपयोग गर्ने तौरतरिकाका बारेमा छलफल गराउने<br>• विद्याथीले दैनिक व्यवहारमा धर्मको साझा सारलाई व्यवहारमा उतारेको वा नउतारेको अवलोकन गरि र आवश्यक पृष्टपोषण दिने ।<br>• मानिसलाई परिवार र समाजबाट | ४. पारिवारिक समन्वय कायम गर्न हामीले के के गर्न सक्छौँ? बताउनुहोस ।<br>५. धार्मिक र सामाजिक आचरणको समन्वय कसरि हुन सक्छ ? लेख्नुहोस ।<br>६. समन्वयले समाजमा के कस्तो सहयोग गर्छ? लेख्नुहोस । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भिन्न बनाउने कारक तत्वहरु बताई तिनको निराकरणका लागि अपनाउनुपर्ने उपायहरुको सूची बनाउन लगाउने<br>• सन्तुलित र समन्वय पूर्ण समाजका फाइदाहरु बारे कक्षामा छलफल गराउने | | |
| ४ | विद्यार्थी सचेतना, कर्तव्य र दायीत्व | ४.१ विद्यार्थीको कर्तब्य र दायीत्व<br>• नैतिक र कानुनी दायित्व<br>• विद्यालय प्रतिको दायित्व<br>४.२ स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधाहरु<br>• नगरपालिकाका शाखाहरुको जानकारी र त्यहाँबाट प्रदान गरिने सेवाहरु<br>४.३ सार्वजनिक सम्पत्तिको सम्मान, संरक्षण र सदुपयोग<br>४.४ लागूपदार्थ दुर्व्यसनका असर र परिणाम | • कर्तव्यका विभिन्न प्रकार बारे जानकारी गराउने<br>• विद्यार्थीले गर्ने विभिन्न कर्तव्यका सूचि बनाउन लगाउने<br>• विषय क्षेत्र अनुसार सूची वर्गीकरण गर्न लगाउने<br>• कर्तव्य र दायीत्व बारेमा परियोजना कार्य गर्न लगाउने<br>• विद्यार्थीको समुहमा छलफल गरी दायीत्वहरुको सूची तयार पार्न लगाई कक्षामा प्रस्तुतिकरण गर्न लगाउने<br>• स्थानीय तह वडा र नगरपालिकाको कार्य क्षेत्र बुझाउने<br>• वडाबाट हुने सेवा सुविधाको सूची बनाउन लगाउने<br>• नगरपालिकामा भएका शाखाहरु र उक्त शाखाहरुको काम कर्तव्य | १. विद्यार्थीले पालना गर्ने कर्तव्यको सूची तयार पार्नुहोस्।<br>२. हामीले विद्यालयमा कस्ता-कस्ता कर्तव्य पालना गर्नु पर्दछ ?<br>३. विद्यार्थीको कानुनी दायित्वको सूची तयार पार्नुहोस्।<br>४. कार्यालयमा सूचना कहाँबाट कसरी प्राप्त गर्न सकिन्छ ?<br>५. वडाबाट हुने र नगरपालिकाबाट हुने कार्यको सूची तयार पार्नुहोस्।<br>६. टीकापुर नगरपालिकामा जम्मा कतिवटा शाखा रहेका छन् ?<br>७. सार्वजनिक सम्पत्तिको संरक्षाण गर्ने उपाय लेख्नुहेस्।<br>८. सार्वजनिक सम्पत्तिको सदुपयोग किन र कसरी गर्नु पर्दछ ?<br>९. लागूपदार्थ दुर्व्यसनका असरहरु | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बारेमा जानकारी गराउने<br>• सार्वजनिक सम्पत्तिको परिचय गराउने<br>• सार्वजनिक सम्पत्तिका पहिचानका बारेमा  परियोजना कार्य गराउने<br>• सार्वजनिक सम्पत्तिको संरक्षणका बारेमा संवाद तयार गर्ने र प्रस्तुत गर्ने<br>• विद्यार्थीहरुलाई लागूपदार्थ दुर्व्यसनका असरहरु भन्न लगाउने<br>• लागूपदार्थ दुर्व्यसनका विभिन्न चित्रहरु प्रस्तुत गरी छलफल गर्न लगाउने ।<br>• सम्भव भएमा कुलतमा फसेर पुनः सुधार भएका व्यक्तिहरुको अनुभव आदान प्रदान गर्न लगाउने<br>• लागूपदार्थ दुर्व्यसनका असरबारे जनचेतनामूलक नारा प्ले कार्ड सडक नाटक प्रस्तुत गर्न लगाउने<br>• लागूपदार्थ दुर्व्यसनका परिणाम बारे जानकारी गराउने | के के हुन् ?<br>१०. लागूपदार्थ दुर्व्यसनले के कस्ता परिणाम निम्त्याउँछ ? लेख्नुहोस । | |
| ५ | हाम्रो जीवन पद्धति र विविधता | ५.१ व्यक्ति समुदाय र सामाजिक व्यवहारहरु वीच अन्तर सम्बन्ध<br>५.२ असल नैतिकताको अभ्यास<br>५.३ असल नेतृत्वका गुणहरु | • वतृत्वकलाद्वारा व्यक्ति, समुदाय र सामाजिक व्यवहारहरु एक अर्कोमा अन्तर सम्बन्धित हुन्छन् भनी प्रस्तुत गर्ने | १. व्यक्ति, समुदाय र तिनीहरुका व्यवहार बिचमा अन्तर सम्बन्ध नभए के हुन्छ ?<br>२. व्यक्ति, समुदाय र तिनीहरुका | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५.४ विविधताको सम्मान | • असल नैतिकताको अभ्यास गरेर सफलता प्राप्त गरेका उदाहरणहरु प्रस्तुतिकरण गर्ने<br>• असल नेतृत्वमा हुनु पर्ने अपरिहार्य गुणहरुको सूचि तयार गर्न लगाउने।<br>• विविधताको सम्मानको अति आवश्यकता रहेको पुष्टि गर्ने उदाहरणको प्रस्तुतिकरण गर्ने। | सामाजिक व्यवहार बीच अन्तर सम्बन्ध हुन्छ भनी पुष्टि गर्नुहोस्।<br>३. असल नैतिकताको अभ्यासद्धारा सफलता प्राप्त गरेका उदाहरण प्रस्तुत गर्नुहोस्।<br>४. नेतृत्वमा हुनु पर्ने अपरिहार्य गुणहरुको सूचि तयार गर्नुहोस्।<br>५. हाम्रो समाजमा तपाईले महशुस गर्नू भएको विविधताबारे व्याख्या गर्नुहोस्।<br>६. तपाईले विविधताको सम्मान गरेका उदाहरण प्रस्तुत गर्नुहोस्। | |
| ६ | अनुशासन तथा सकारात्मक सोच | ६.१अनुशासन र स्वःव्यवस्थापन<br>६.२ योग (आशन, प्रणायाम) ध्यान र स्वस्थ चिन्तन<br>६.३ सकारात्मक सोच र तनाव व्यवस्थापन | • वक्तृत्वकलाद्धारा अनुशासन र स्वः व्यवस्थापनको अन्तर सम्बन्ध पुष्टि गर्ने।<br>• योग (आशन, प्रणायाम) ध्यान र स्वस्थ चिन्तनको छलफल गराएर यसको महत्वको व्याख्या गर्ने।<br>• सकारात्मक सोच र तनाब व्यवस्थापनको आवश्यकता पुष्टि गर्न समुह छलफल भाग लिन लगाउने। | १. "अनुशासन र स्वः व्यवस्थापन एक सिक्काका दुइ पाटा हुन"। पुष्टि गर्नुहोस्।<br>२. योग गर्नाले के फाइदा हुन्छन् ?<br>३. "आशन प्रणायाम र ध्यानको पूर्ण रुप नै योग हो"। स्पष्ट गर्नुहोस्।<br>४. योग र स्वस्थ चिन्तनका फाइदाहरु उल्लेख गर्नुहोस् ?<br>५. सकारात्मक सोच र तनाव व्यवस्थापन मानिसको जीवनको लागि किन आवश्यक छ ? व्याख्या गर्नुहोस्। | १८ |
| ७ | हाम्रा आर्थिक क्रियाकलाप | ७.१ नगरपालिका भित्रका पर्यटकिय क्षेत्र<br>• परिचय र आर्थिक महत्व | • चित्र, पोष्टर वा श्रव्य दृश्य सामाग्रीको माध्यमबाट | १. नगरपालिका भित्रका पर्यटकिय क्षेत्रको परिचय दिई आर्थिक | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७.२ स्थानीय कृषि उत्पादन<br>• धान प्रशोधन उद्योग<br>• मसला खेती<br>• कृषि उपकरण<br>• पशुपालनका विधि<br>• व्यवहारीक सिप<br>७.३ स्थानीय विउ बिजन भण्डारण<br>• परम्परागत शैलि<br>• पहिचान र अबलम्बन<br>७.४ स्थानीय परम्परागत हस्तकला<br>• सुप्पो, डोरी, बेंर्री, डोका, चकटी, डेलुवा, डेहरी, वेत, बांस<br>७.५ स्थानीय उत्पादन<br>• केरा, तरकारी, तोरीको तेल, चामल, गहुँबाट निर्मित खाद्य<br>• बजारीकरण र त्यसको प्रभाव | नगरपालिका भित्रका पर्यटकिय क्षेत्रको परिचय र आर्थिक महत्वको बारेमा छलफल गराउने ।<br>• स्थानिय कृषि उत्पादन (धान प्रशोधन, उद्योग मसला खेती, कृषि उपकरण) तथा पशुपालन फर्महरुको अवलोकन, भ्रमण गरी कार्य प्रक्रियाको अभ्यास गराउने र परियोजना कार्य सञ्चालन गर्ने ।<br>• परियोजना कार्य, अवलोकन तथा समुहमा छलफल गरी स्थानीय बिउ बिजन भण्डारणका परम्परागत शैलीको बारेमा छलफल गर्ने र अवलम्वनको अभ्यास गराउने ।<br>• स्थानीय स्तरमा निर्माण गरेका परम्परागत हस्तकलाका सामाग्रीहरु (सुप्पो, छिट्नी, चकटी, बेंररी बेतका सामाग्री) अवलोकन तथा दक्ष व्यतिलाई आमन्त्रण गरी अभ्यास गर्न लगाउने ।<br>• स्थानीय व्यापारी तथा कृषकहरुसँग संवाद तथा बजार अवलोकन गरी स्थानीय उत्पादनको बजारीकरणमा छिमेकी मुलुकको आयातले पार्ने प्रभाव बारे छलफल गर्ने । | महत्वको बारेमा भन्नुहोस् ।<br>२. स्थानीय कृषिमा आधारित धान, उत्पादनका बारेमा लेख्नुहोस् ।<br>३. पशुपालनमा चाहिने व्यावहारिक सिपहरु उल्लेख गर्नुहोस् ।<br>४.स्थानीय विउ विजन भण्डारण गर्ने तरिका बताउनुहोस् ।<br>५.स्थानीय परम्परागत हस्तकलाका सामाग्रीहरु को सुचि बनाउनुहोस् ।<br>६.स्थानीय उत्पादनको बजारीकरणमा छिमेकी मुलुकको आयातले पार्ने प्रभाव भन्नुहोस् । | |

**कक्षा-८**

| क्र स | विषयवस्तुको क्षेत्र र क्रम | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतिकरण | मुख्य सिकाई क्रियाकलाप | सम्भावित मुल्याङ्कन प्रक्रिया/नमुना प्रश्न | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | हाम्रो समाज र सामाजिक विकास | १.१ २०२८ साल भन्दा अगाडी र पछाडी टीकापुर क्षेत्रको बस्ती विकासक्रम<br>१.२ टीकापुर नगरपालिकाको स्थापना र नक्शा सम्बन्धी प्रयोगात्मक कार्य<br>१.३ टीकापुर नगरपालिकाको जनसांङ्ख्यिक वितरणको अवस्थालाई गणितिय चित्रद्धारा प्रर्दशन | • टीकापुर क्षेत्रको बस्ती विकास क्रमसंग सम्बन्धित मूख्य घटनाहरुको ब्याख्या गर्ने ।<br>• टीकापुर नगरपालिकाको स्थापना र नगरपालिकाको क्षेत्र विस्तार संग सम्बन्धित पछिल्ला मूख्य घटनाक्रमहरुलाई समेटी चार्ट तयार गरेर प्रर्दशन गरि छलफल गर्ने ।<br>• टीकापुर नगरपालिकाको नक्शाको खेस्रा कोरेर देखाउने र विद्यार्थीहरुलाई समेत अभ्यास गर्न लगाउने ।<br>• टीकापुर नगरपालिकाको नक्शामा भौगोलिक तथ्यहरुलाई उपयुक्त तथ्यहरुको प्रयोग गरि भर्ने अभ्यास समेत गराउने ।<br>• जनसांङ्ख्यिक वितरणको अवस्था मध्ये वडागत जनसंख्यालाई स्तम्भ चित्र बनाइई प्रर्दशन गरेर देखाउने र विद्यार्थीहरुलाई पनि बनाउन लगाउने ।<br>• जनसांङ्ख्यिक वितरणको अवस्था मध्ये लिङ्गका आधारमा टीकापुर नगरपालिकाको जनसंख्यालाई | १. धनसिंहपुर र नारायणपुर गा. वि.स.लाई कहिले देखि टीकापुर नगरपालिकामा गाभियो ?<br>२. टीकापुर नगरपालिकाको नक्शा बनाई तलका तथ्यहरु उपयुक्त संकेत सहित भर्नुहोस । कर्णाली नदी, पदम प्रकाशेश्वर मन्दिर, टीकापुर अस्पताल, सत्तीघाट पुल,<br>३, तल दिइएको तथ्यांकलाई वृत चित्र बनाई देखाईउनुहोस ।<br>पेशाकर्मीहरुको संख्या<br>कृषक ५०००<br>शिक्षक १२००<br>ब्यापारी ५००<br>स्वास्थ्यकर्मी ३००<br>अन्य १५०० | १७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वृत्तचित्र मा प्रर्दशन गरेर देखाउने र विद्यार्थीहरुलाई बनाउन लगाउने। | | |
| २ | हाम्रा मुल्य मान्यताहरु | २.१ हाम्रो संस्कार<br>▪ सामाजिक संस्कार<br>▪ धार्मिक संस्कार (अभिवादन)<br>२.२ हाम्रो धर्म<br>▪ हाम्रा धार्मिक तथा सांस्कृतिक सम्पदाहरु<br>▪ सामाजिक सदभाव<br>२.३ हाम्रो भाषा, कला र संस्कृति<br>▪ हाम्रो भाषा (थारू, अछामी, डोटेली, मगर आदि)<br>▪ हाम्रो कला (केराको विविध कलात्मक वस्तुहरु)<br>▪ हाम्रो संस्कृति (चाडपर्व तथा नाचगान) | • स्थानीय समुदायमा विद्यमान विभिन्न जातजातिको जन्म विवाह र मृत्यु संस्कारका गतिविधिमा सहभागी भएका विद्यार्थीलाई आआफ्ना अनुभवहरु कक्षामा प्रस्तुत गर्न लगाउने<br>• विभिन्न धार्मिक संस्कार र गतिविधि सँग सम्बन्धित भिडिओ चित्र प्रदर्शनी गरि कक्षाकोठामा धार्मिक संस्कार अनुसार अभिवादन गर्न प्रेरित गर्ने<br>• स्थानीय धार्मिक तथा संस्कृतिक सम्पदाहरु जस्तै: मठ मन्दिर, गुम्बा, चर्च, मरुवा, मस्जिद आदिको समुहमा छलफल गरि र प्रस्तुतीकरण गर्न लगाउने<br>• धार्मिक विविधता बिचको एकता र धार्मिक सहिष्णुतालाई प्रकट गराउने खालका गतिविधि जस्तै फरक धर्म मान्ने साथीहरुलाई शुभकामना दिने जस्ता कार्यमा विद्यार्थीलाई अभिप्रेरित गर्ने<br>• विद्यार्थीलाई आफ्नो घरमा बोल्ने भाषामा कथा कविता पालै पालो भन्न लगाउने तथा आफ्नै भाषामा सम्बाद | १. आफ्नो घरमा गरिने जन्म विवाह र मृत्यु संस्कार मध्ये कुनै एकको बारेमा व्याख्या गर्नुहोस।<br>२. विभिन्न धार्मिक संस्कार र गतिविधिसँग सम्बन्धित दुई अनुच्छेद लेख्नुहोस।<br>३. मठ मन्दिर, गुम्बा, चर्च, मरुवा, मस्जिद आदि मध्ये कुनै एकको अवलोकन गरि प्रतिवेदन तयार गर्नुहोस।<br>४. आफ्नो घरमा बोलिने भाषामा कथा वा कविता लेखेर ल्याउनुहोस।<br>५. आफ्नो परिवार र गाउँ समाजमा मनाउने चाडपर्वहरुमा गाइने गीत गाउनुहोस।<br>६. विभिन्न चाडपर्वहरुमा बजाइने बाजाहरुको नाम लेख्नुहोस। | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गराउने<br>• केराको विविध कलात्मक वस्तुहरुको चित्र, चार्ट , भिडियो प्रदर्शन गरी स्थानीय स्तरमा उपलब्ध विज्ञ बोलाई उक्त कला कक्षाकोठामा प्रदर्शन गर्न लगाउने<br>• आफ्नो परिवार र गाउँ समाजमा मनाउने चाडपर्व अनुसारका नाचगान तथा बाजा बजाउने गतिविधिमा सरिक गराई प्रतिस्पर्धात्मक क्रियाकलापहरु गराउने | | |
| ३ | चरित्र विकास | १.१ असल चरित्रको प्रदशन<br>१.२ असल चरित्रको व्यक्तिगत र सामाजिक प्रभाव १.३ असल चरित्रको राष्ट्रिय र अन्तराष्ट्रिय प्रभाव | • असल चरित्रअनुरुपका व्यवहार प्रदर्शन गर्न आवश्यक पक्षका बारेमा छलफल गराई विद्याथीहरुलाई ती पक्ष व्यवहारमा उतार्न उत्प्रेरणा गर्ने<br>• परिवार, टोल वा समुदायमा असल चारित्रिक व्यवहार प्रदशन गर्ने व्यक्तित्त्वका अनुकरणिय पक्षहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने<br>• नैतिक, सामाजिक तथा सैद्धान्तिक मूल्य मान्यता एवम् चारित्रिक आचरण जस्ता विषय क्षेत्रले चरित्र निर्माणमा कसरी सहयोग पुर्याइरहेका हुन्छन भन्ने बारेमा कक्षामा छलफल गर्ने<br>• विद्याथीहरु के बन्न चाहन्छन् सोध्ने | १. विद्यार्थीको चरित्र विकासमा कस्ता मानिसको भूमिका बढि पाउनुहुन्छ ? भन्नुहोस ।<br>२. के गर्दा खराब मानिस असल बन्न सक्छ ? लेख्नुहोस ।<br>३. असल र खराब मनिसको कार्यले व्यक्ति र समाजमा पर्ने राम्रा र नराम्रा प्रभावलाई उदाहरण लेख्नुहोस ।<br>४. मानिसमा राष्ट्रिय र विश्वव्यापी प्रभावको विषयलाई किन गहिरो विषय मानिएको होला? आफ्ना विचारहरु लेख्नुहोस । | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | त्यस्ता व्यक्तिले असल चरित्रको नमुना प्रस्तुत गर्न आवश्यक पर्ने कर्तव्य पालन सम्बन्धि तथ्यहरु को सूची बनाई प्रस्तुत गर्न लगाउने<br>• विद्यार्थीहरुलाई लाई चरित्र निर्माणका सैद्धान्तिक पक्षभन्दा त्यसका व्यावहारिक प्रयोगप्रति उत्प्रेरित गराउन आवस्यक पर्ने ज्ञान, सिप र अभिवृत्ति सम्बन्धि क्रियाकलापहरु गराउने।<br>• कक्षामा नैतिक चरित्र र सदगुणको विकास, श्रमप्रति आस्था र स्वावलम्बन, इमान्दारी, सृजनात्मक प्रवृत्ति तथा सेवाभावनाको विकास जस्ता विषय क्षेत्रमा आधारित भइ छलफल गराउने।<br>• व्यक्ति र व्यक्तिका चरित्रले स्वयं व्यक्ति, समाज र राष्ट्रलाई पार्ने प्रभावका विषयमा अन्तरक्रिया गराउने | | |
| ४ | विद्यार्थी सचेतना, कर्तव्य र दायीत्व | ४.१ व्यक्तिगत, सामाजिक पारीवारिक, कानुनी कर्तव्य र दायित्वको पालना<br>४.२ विद्यालय प्रतिको दायित्व<br>४.३ स्थानीय तहबाट सेवा लिने तरिका<br>४.४ सार्वजनिक सम्पतिको सम्मान, संरक्षण र सदुपयोग<br>४.५ लागूपदार्थ दुर्व्यसन | • विद्यार्थीलाई कर्तव्य र दायित्व पालना गरे नगरेको छलफल गर्न लगाउने ।<br>• कर्तव्य र दायित्वलाई कसरी पालना गर्ने भनेर विद्यार्थी बिच छलफल गर्न लगाउने<br>• कर्तव्य र दायित्व पालना गर्दा र नगर्दा के कस्तो अवस्था विश्लेषण गर्ने | १. विद्यार्थीले कर्तव्यको पालना गर्दा र नगर्दा हुने भिन्नताको सूची तयार पार्नुहेस्।<br>२. "कर्तव्यको पालनाले सभ्य समाज निर्माण गर्न सहयोग गर्दछ"। पुष्टी गर्नुहोस्।<br>३. तपाईले निर्वाह गरेको विद्यालय | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (लागूपदार्थ दुर्व्यसनले समाजमा पार्ने प्रभाव, लागूपदार्थ दुर्व्यसनबारे सचेतनाका उपाय र यसबाट बच्ने उपाय) | • सामाजिक र कानुनी दायित्वको सूचीलाई प्रस्तुत गरी छलफल गर्ने र गर्न लगाउने<br>• सामाजिक र पारीवारिक दायित्वलाई कसरी व्यवहारमा लागू गर्ने भनेर कक्षामा छलफल गर्ने<br>• विद्यालय प्रतिको दायित्व बारे छलफल गर्दै सूची तयार पार्न लगाउने<br>• वडापत्रका बारेमा विद्यार्थीसँग छलफल गर्ने ।<br>• स्थानीय तहले प्रदान गर्ने सेवा सुविधा र प्रकृया बारेमा छलफल गर्ने<br>• सेवा लने विभिन्न प्रकृया विधि र तरिका बारे अभिनय गराउने<br>• कुन सेवा सुविधा लिदा कस्ता प्रकारका कागजात चाहिन्छन छलफल गर्ने ।<br>• सार्वजनिक सम्पत्तिको अवलोकन भ्रमण गराउने<br>• सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्दा र नगर्दा हुने परिणाम बारे छलफल गर्ने<br>• सार्वजनिक सम्पत्तिको संरक्षाणको फाईदा बताउदै संरक्षाणका उपायहरुको विषयमा छलफल गर्ने | प्रतिको दायित्वहरु के के हुन् ?<br>४. सूचना अधिकारी भनेको के हो ?<br>५. वडापत्र भनेको के हो र<br>यो किन अवश्यक छ ?<br>६. नेपाली नागरिकता बनाउँदा के के कागजातहरु चाहिन्छन ? लेख्नुहोस् ।<br>७. सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने उपायहरु लेख्नुहोस् ।<br>८. तपाईले सार्वजनिक सम्पत्तिको सदुपयोग कसरी गर्नुहुन्छ ? लेख्नुहोस ।<br>९. लागूपदार्थ दुर्व्यसनबाट बच्ने एउटा नारा बनाउनुहोस् ।<br>१०.लागूपदार्थ दुर्व्यसनबाट बच्ने उपाय लेख्नुहेस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • कुनै सार्वजनिक सम्पत्तिको बारेमा परियोजना कार्य गर्न लगाउने<br>• विभिन्न चित्र मार्फत लागू पदार्थ दुर्व्यसनका असरहरु देखाउने<br>• लागूपदार्थ दुर्व्यसनले व्यक्ति समाजमा पारेका असरहरु छलफल गर्ने<br>• लागूपदार्थ दुर्व्यसनका बारेमा प्लेकार्ड मार्फत अभियान र अभिनय गरेर देखाउने | | |
| ५ | हाम्रो जीवन पद्धति र विविधता | ५.१ विकास कार्यमा व्यक्ति र समुदाय बीचको अन्तरसम्बन्ध<br>५.२ असल नैतिक अभ्यासहरु<br>५.३ असल नेतृत्व र समाज विकास<br>५.४ विविधताको सम्मान | • छलफलद्धारा विकास कार्यमा व्यक्ति र समुदाय वीच अन्तर सम्बन्धको पुष्टि गराउने ।<br>• असल नैतिकताको अभ्यास प्रत्येक व्यक्तिले जीवनमा उतार्न आवश्यक रहेको उदाहरणहरु प्रस्तुति गर्ने।<br>• असल नेतृत्वले नै समुहको विकास गर्ने विषयमा विद्यार्थीहरुलाई आफ्ना विचारहरु प्रस्तुत गराउने ।<br>• विभिन्न प्रकारका विविधताहरु बीच सम्मान भएका अभ्यासहरुको उदाहरण प्रस्तुत गर्ने । | १. "कुनै पनि विकास कार्यमा त्यहाँका व्यक्ति र समुदाय वीच अन्तरसम्बन्ध हुनुपर्छ" पुष्टि गर्नुहोस् ।<br>२.असल नैतिक अभ्यासक सम्बन्धि आवश्यकताको व्याख्या गर्नुहोस्।<br>३. "असल नेतृत्वले नै समाजको विकास हुन्छ" भन्ने विषयमा आफ्नो विचार प्रस्तुत गर्नुहोस ।<br>४. हाम्रो समाजमा विविधताको सम्मान भएका उदाहरणहरु प्रस्तुत गर्नुहोस् । | २० |
| ६ | अनुशासन तथा सकारात्मक सोच | ६.१ अनुशासन र स्वः व्यवस्थापन<br>६.२ योग (आशन, प्रणायाम) ध्यान र स्वस्थ चिन्तन<br>६.३ सकारात्मक सोच र तनाव व्यवस्थापन | • सफलताको मुल मन्त्र अनुशासन र स्वः व्यवस्थापन हो भनी पुष्टि गर्न पौराणिक कथाको प्रस्तुतिकरण गर्ने ।<br>• विभिन्न प्रकारका योग, आशन, | १. सफलताको मुल मन्त्र के हो ?<br>२. अनुशासन र स्वः व्यवस्थापनले मानिसले सफलता प्राप्त गर्दछ व्याख्या गर्नुहोस् । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रणायामको अभ्यासहरुको विधि प्रकृया उल्लेख गर्ने ।<br>• सकारात्मक सोच र तनाब व्यवस्थापन गर्न अपनाउनु पर्ने विधिहरु छलफल गरी सूचि बनाउने । | ३. विभिन्न प्रकारका योग, आशन, प्रणायाम र ध्यान गर्ने विधिहरु लेख्नुहोस् ?<br>४. "स्वस्थ चिन्तनको लागि योग ध्यान चाहिन्छ" । व्याख्या गर्नुहोस् ।<br>५. सकारात्मक सोच र तनाब व्यवस्थापन गर्ने उपायहरुको सूचि बनाउनुहोस् । | |
| ७ | हाम्रा आर्थिक क्रियाकलाप | ७.१ परम्परागत पेशा, व्यावसाय प्रविधि<br>• परिचय तथा महत्व<br>७.२ स्थानिय उत्पादन<br>• गुड तथा केराका परिकार, बजारीकरण, सम्भावना पहिचान<br>७.३ नगरपालिकामा पर्यटन व्यवसाय<br>• अवसर र चुनौती<br>७.४ पर्यटन व्यावसाय<br>• प्रवर्द्धन, विस्तार र कृषिको आधुनिकीकरणका लागी नगरको योजना<br>७.५ स्थानिय उत्पादनको बजारीकरण<br>• छिमेकी मुलुकको आयातले पार्ने प्रभाव<br>• न्युनिकरणका उपायहरु | • चित्र, प्रर्दशन, लेख, श्रव्य दृश्य सामाग्री प्रयोग गरेर परम्परागत पेशा, व्यवसाय र प्रविधिको परिचय तथा महत्व माथी छलफल गर्ने ।<br>• क्षेत्र भ्रमण तथा अवलोकन गरी स्थानीय गुड उत्पादन तथा केराका परिकार पहिचान गरी बजारीकरणको सम्भावना बारे छलफल गर्ने ।<br>• टीकापुर नगरपालिकाको पर्यटन व्यवसाय विकासका अवसर र चुनौतीवारे अध्ययन परियोजना कार्य तथा समुहमा छलफल गराइ पृष्ठपोषण दिने ।<br>• नगरपालिकाको वेभसाइट तथा अन्य प्रकाशित आलेख हरुको अध्ययन गरी पर्यटन व्यवसाय प्रवर्द्धन, व्यवसाय | १.परम्परागत पेशा, व्यवसाय र प्रविधिको परिचय दिनुहोस् ?<br>२. परम्परागत प्रविधिको कुनै दुई वटा महत्व लेख्नुहोस ।<br>३.स्थानीय गुड उत्पादन तथा केराका परिकार र बजारीकरणको सम्भावना को बारेमा भन्नुहोस् ।<br>४. टीकापुर नगरपालिकाको पर्यटन व्यवसाय विकासका अवसर र चुनौती पहिचान गरि कक्षामा प्रस्तुति गर्नुहोस् ।<br>५. पर्यटन व्यवसाय प्रवर्द्धन, विस्तार, कृषिको आधुनिकीकरणका लागी नगरको योजनावारे भन्नुहोस् ।<br>६.स्थानीय उत्पादनको बजारीकरण छिमेकी मुलुकको आयातले पार्ने | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विस्तार, कृषिको आधुनिकीकरणका लागी नगरको योजना बारे प्रष्ट पारिदिने ।<br>• चित्र, श्रव्य दृश्य सामग्री तथा समुह छलफल बाट स्थानीय बजारीकरणमा छिमेकी मुलुकको आयातले पार्ने प्रभावलाई न्युनिकरणको उपायको खोजी गरी पृष्ठपोषण दिने । | प्रभावहरुको सुचि बनाइ न्युनिकरणका उपायहरु लेख्नुहोस ? | |

### २.१० सम्भावित परीयोजना तथा प्रयोगात्मक कार्य

कक्षा ६, ७ र ८ को हाम्रो सामाजिक मुल्य मान्यता र नैतिक शिक्षा नामक स्थानीय पाठ्यक्रममा तोकिएका कक्षागत सिकाई उपलब्धि, मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतिकरण, मुख्य सिकाई क्रियाकलाप र सम्भावित मुल्याङ्कन प्रक्रिया तथा प्रश्नहरु र पाठ्यक्रम बमोजिम तयार भएको पाठ्यपुस्तकमा राखिएका परीयोजना कार्य, सामुदायीक कार्य तथा प्रयोगात्मक कार्यसँग सम्बन्धित क्रियाकलाहरुलाई सम्भावित परीयोजना तथा प्रयोगात्मक कार्यको लागि प्रयोग गर्न सकिनेछ।

### २.११ शिक्षण सिकाई सहजिकरण प्रक्रिया

स्थानीय पाठ्यक्रम स्थानीय परिवेशमा निर्माण र कार्यान्वयन गरीने पाठ्यक्रम हो । यसले स्थानीयतालाई विशेष प्राथमिकता दिन्छ । स्थानीय पाठ्यक्रम स्थानीय वस्तुस्थितिको सापेक्षतामा तयार गरीने पाठ्यक्रम हो । टीकापुर नगरपालिकामा रहेका ९ वटा वडाहरूमा विभिन्न खालका फरक फरक परिवेशलाई आधार मानेर सोही परिवेशसापेक्ष विषयवस्तुहरूलाई आधार मानेर यस पाठ्यक्रमको जगमा शिक्षकले शिक्षणसिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । सिकारूको रूचि, उमेर, क्षमता र स्थानीय परिवेशको जगमा यसको सिकाइ सहजीकरण गर्नुपर्ने भएकोले एउटै विधि वा सिकाइ क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुदैन । स्थानीय विषय पढ्ने र पढाइने विषय भन्दापनि गर्ने र गराइने विषय हो । यो स्थानीय विशिष्ट परिस्थिति सापेक्ष हुन्छ जसले गर्दा यसले पाठ्यपुस्तकको परिकल्पना गर्दैन । कुनै पनि विषयवस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप, आवश्यक शैक्षणिक योजना निर्माण, त्यसको कार्यान्वयनको आवश्यकता हुन्छ । स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यहि नै हुन्छ र हुनुपर्छ भन्ने हुदैन तथापि शिक्षण सिकाइ गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छः

#### क. छलफल/प्रश्नोत्तरः

विभिन्न विषयहरूमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो र छलफल पश्चात के कस्ता प्रश्नहरू सोध्ने हो त्यसको पूर्वतयारी गरेर छलफल सञ्चालन गर्नुपर्छ ।

#### ख. प्रदर्शनः

शिक्षक, विद्यार्थी र सरोकारवालाहरूबाट विभिन्न सामग्रीहरू सङ्कलन गरेर, विभिन्न कृषि मेला, औद्योगीक मेला, सांस्कृतिक पर्व आदिमा सहभागी गराएर गरीएको प्रदर्शन अवलोकन गर्ने, त्यस बारेमा छलफल गर्नेजस्ता क्रियाकलापहरू गर्न सकिन्छ र आवश्यकता अनुसार वास्तविक घट्ना या गतिविधिहरू अवलोकन गर्न लगाउने, सान्दर्भिक भिडियो क्लिप्स, फिल्म फुटेज, चित्र, तस्विर तथा श्रब्य, दृष्य, श्रब्यदृष्य सामग्री, मोबाइलमा रेकर्ड या भिडियो खिचेर पनि सिकारूलाई देखाउन सकिन्छ ।

#### ग. सहभागिताः

गरेर सिक (Learning By Doing) विधि नै सहभागिता विधि हो । सहभागिता विभिन्न कार्यमा गराउन सकिन्छ । सहभागितामा जिम्मेवारी बढ्छ । तसर्थ विभिन्न कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सहभागी गराउनु पर्छ ।

**घ. अवलोकन भ्रमण र अभ्यासः**

विद्यार्थीहरूलाई विभिन्न कुराहरूको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनु पर्छ । नदी, नाला, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा आदिको भ्रमण र अवलोकन गरेर सिकाउन सकिन्छ ।

**ङ. परियोजना कार्यः**

अभ्यासको नै महत्त्वपूर्ण अङ्गका रूपमा हिजोआजपरियोजना कार्य गर्ने गराउने गरीन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नु पर्दछ । त्यस्तो खाका भनेको के गर्ने, किन गर्ने, कसरी गर्ने,कसले गर्ने, खर्च कति लाग्ने जस्ता कुराहरू पहिले नै सोच्नु पर्छ ।

**च. अभिभावकीय संलग्नताः**

शिक्षकले स्थानीय विषयवस्तुसँग सम्बन्धीत कतिपय सिकारूको व्यवहारसँग गाँसिएका आचरण, मूल्यमान्यता, सोचाइ र व्यवहार परिवर्तन लिखित या मौखिक तवरले सहजीकरण गरेरमात्र पुग्दैन । सिकारूले घरको वातावरण, अभिभावकको सहयोग र निर्देशनबाट सिक्ने गर्दछ ।

**छ. कथाकथन वा गीत/सङ्गीत विधिः**

पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धि तथा पाठ्यक्रममा समाविष्ट विषयवस्तुको जगमा रहेर सान्दर्भिक कथा, कविता, गीत तथा सङ्गीतको माध्यमले पनि सिकाइ सहजीकरण गर्न सकिन्छ । यसो गर्दा अपेक्षित सिकाइ उपलब्धि प्राप्तिमा सहजता हुन्छ नै साथसाथै विषयवस्तुको धारणालाई समेत थप स्पष्ट पार्न सकिन्छ ।

**ज. भूमिका निर्वाह तथा नाटकीकरण विधिः**

स्थानीय पाठ्यक्रममा उल्लिखितविषयवस्तुको बारेमा सिकारूलाई स्पष्ट पार्न सिकारू स्वयंलाई सिकाइसहजीकरणको माध्यम बनाउन सकिन्छ ।

**झ. अन्वेषण, अनुसन्धान तथा खोज विधिः**

विषयवस्तुको सान्दर्भिकता र अपेक्षित सिकाइ उपलब्धिको अपेक्षालाई समुचित ध्यान दिँदै समस्या या प्रश्नको प्रस्तुति, गरीने क्रियाकलाप, निकालिने निष्कर्ष र सञ्चालन गरीने अन्वेषण, अनुसन्धान तथा खोज कार्यको बारेमा सिकारूलाई आवश्यक निर्देशन दिई सो सम्बन्धी क्रियाकलापमा सहभागी गराउन सकिन्छ ।

**ञ. प्रविधियुक्त कक्षाः**

विषयवस्तुलाई थप स्पष्ट पार्दै अपेक्षित सिकाइ उपलब्धि प्राप्त गराउनका लागि आवश्यकता अनुसार, मोवाइल, कम्प्युटर, प्रोजेक्टर, सामाजिक सञ्जालहरूको समुचित प्रयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

**ट. अन्य सान्दर्भिक सिकाइ सहजीकरण विधिहरूः**

आगमन तथा निगमन विधि, निर्माणात्मक तथा सहयोगात्मक कक्षा शिक्षण विधि, खेल विधि, परियोजना कार्य, क्षेत्र भ्रमण विधि, अन्तरक्रिया विधि, उदाहरण र प्रयोग विधि आदि ।

अतः सान्दर्भिक विधिहरूलाई विषयवस्तुको प्रकृति, अपेक्षित सिकाइ उपलब्धि, समय,सन्दर्भ र परिवेशको आधारमा सिकाइ सहजीकरण गर्न सकिन्छ। सिकाइ सहजीकरण छनौट र प्रयोग गर्नुको मुख्य ध्येय भनेको नै सिकारूले निर्दिष्ट सिकाइ उपलब्धि प्राप्त गर्न सकुन भन्ने नै हो।

## २.१२ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्षहरू

स्थानीय पाठ्यक्रम/स्थानीय विषय स्थानीय परिवेशमा तयार गरीएको आवश्यकता केन्द्रित विषयवस्तुहरूको सङ्गालो भएकोले अन्य विषयहरू जस्तो तोकिएको पाठ्यपुस्तक/कार्यपुस्तकमा उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन। विषयवस्तुको माग र सिकारूको अवस्थालाई मध्यनजर गर्दा स्थानीय विषय पठनपाठन गराउनु पर्ने भएकोले पनि यसको सिकाइ सहजीकरण अन्य विषयभन्दा सम्बन्धीत विषय क्षेत्रमा मेलखाने शिक्षण विधि तथा प्रविधि छनौट गर्दा ध्यान दिनुपर्ने केहि महत्त्वपूर्ण पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- विषयवस्तु तथा सिकाइ उपलब्धि
- बाल मनोविज्ञान
- स्रोत साधनको उपलब्धता
- विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति
- शिक्षकको योग्यता, क्षमता र रूचि
- स्थानीय परिवेश, सन्दर्भ र प्रसङ्ग
- पाठ्यक्रमले तोकेका सक्षमताहरू
- सिकाइ वातावरण
- शिक्षण समय

## २.१३ विद्यार्थी मुल्याङ्कन प्रक्रिया

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरीने छ। निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो। सिकाइका लागि गरीने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ। निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, कक्षामा विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्वः तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ। स्थानीय विषयअन्तर्गत रहेका विषयवस्तु तथा सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्नको लागि निर्माणात्मक मूल्याङ्कनको रूपमा आन्तरिक र निर्णयात्मक मूल्याङ्कनको लागि अन्तिम मूल्याङ्कनलाई लिइएको छ। यसको लागि कक्षा ६ देखि ८ सम्मको प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कनअन्तर्गत आन्तरिक मूल्याङ्कन (५० प्रतिशत भार) र अन्तिम परीक्षा (५० प्रतिशतभार) समावेश गरीएको छ। आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनको रूपमा समायोजन गरीने छ। विद्यार्थीको समग्र मूल्याङ्कन गरी प्रमाणपत्र अर्थात् ग्रेडसिटमा दुवै मूल्याङ्कनको नतिजालाई समावेश गरीनेछ। आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन निम्नानुसार गर्नुपर्ने छ।

### (अ) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेस गरीनेछ। यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ। यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरीनेछः

| क्र स | मूल्याङ्कनका पक्ष | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता | ४ | सहभागिता अन्तर्गत हाजिरी, कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूहकार्य लगायतका अन्य पक्ष रहनेछन। |
| २ | प्रयोगात्मक कार्य, परीयोजना कार्य वा अन्य कार्यकलाप | ३६ | कक्षागत रूपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरू समावेश गरी मूल्याङ्कन गर्नुपर्ने छ। |
| ३ | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिकको लागि ५ अङ्क भार र अर्धवार्षिक परीक्षाको लागि ५ अङ्कभार हुनेछ। यसको लागि प्रत्येक परीक्षाको लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिने छ। |

### (आ) अन्तिम परीक्षा

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरूदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान, बोध,प्रयोग, सिप तथा क्षमता, उच्च दक्षता तथा सृजनात्मकतामा आधारित हुनेछन। पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरीन्छ। अन्तिम परीक्षाको प्रश्नपत्र विशिष्टीकरण तालिका अनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ।

## २.१४ विशिष्ठिकरण तालिका

**कक्षाः** ६-८ **विषयः** स्थानीय विषय (हाम्रो सामाजिक मुल्य र मान्यता) **पुर्णाङ्कः** ५० **समयः** १ घण्टा ३० मिनेट

| एकाइ | क्षेत्र | प्रश्न सङ्ख्या | | | जम्मा प्रश्न | पूर्णाङ्क | | | जम्मा अंक | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति छोटो | छोटो | लामो | | अति छोटो | छोटो | लामो | | |
| १ | हाम्रो समाज र सामाजिक विकास | १ | २ | | ३ | १ | ६ | | ७ | १७ |
| २ | हाम्रा मुल्य मान्यताहरु | २ | | १ | ३ | २ | | ५ | ७ | १८ |
| ३ | चरित्र विकास | १ | २ | | ३ | १ | ६ | | ७ | १५ |
| ४ | विद्यार्थी सचेतना, कर्तव्य र दायीत्व | २ | १ | १ | ४ | २ | ३ | ५ | १० | २५ |
| ५ | हाम्रो जीवन पद्धति र विविधता | १ | | १ | २ | १ | | ५ | ६ | २० |
| ६ | अनुशासन तथा सकारात्मक सोच | २ | | १ | ३ | २ | | ५ | ७ | १८ |
| ७ | हाम्रा आर्थिक क्रियाकलाप | | २ | | २ | | ६ | | ६ | १५ |
| जम्मा | | ९ | ७ | ४ | २० | ९ | २१ | २० | ५० | १२८ |

# खण्ड - तीन
# विविध

## ३.१ स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव

स्थानीय पाठ्यक्रम स्थानीयता केन्द्रित हुन्छ । स्थानीय आवश्यकताको जगमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागितामा स्थानीय पाठ्यक्रम तयार हुन्छ । यो लचिलो प्रकृतिको हुने भएकोले समय, सन्दर्भ र आवश्यकताको आधारमा यसलाई सहजै परिस्कृत एवम् परिमार्जन गर्न पनि सकिन्छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषय जुन स्थानीय सन्दर्भमा आवश्यक र महत्त्वपूर्ण छ, तीविषय क्षेत्रहरू नै स्थानीय पाठ्यक्रममा समेटिने गर्दछन । यो विकेन्द्रित पाठ्यक्रम हो । स्थानीय आवश्यकतालाई दृष्टिगत गरी तयार गरीने स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न त्यति सजिलो हुदैन । तर, सम्पूर्ण सरोकारवालाहरूको विश्वास जित्न सकेको खण्डमा यसको कार्यान्वयन त्यति गाह्रो पनि देखिदैन । पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तक नै नभए पनि पाठ्यक्रम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हुँदा सजिलै सकिन्छ । हामीले बालबालिकालाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्त्वका बारेमा पनि सिकाउनु पर्ने हुन्छ । स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको महत्वपुर्ण भूमिका रहेको हुन्छ । स्थानीय पेसा, व्यवसाय तथा जीविकोपार्जनमा सिकारूलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगी सिद्ध हुनेछ । त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर बालबालिकालाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तुहरू आवश्यक स्रोत सामग्रीहरूको खोजी गरी उपयोगमा ल्याउनुपर्ने हुन्छ । विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धीत व्यक्ति वा विज्ञ व्यक्तिहरूसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सिप र अभिवृति हासिल गर्न सक्नेछन् । स्थानीय विषय शिक्षण गर्ने शिक्षकहरूले मूलतः निम्नकुराहरूमा ध्यान दिन आवश्यक हुन्छः

- स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, क्रम र उद्देश्यलाई केन्द्रविन्दुमा राखेर सिकारूको व्यक्तिगत विभिन्नता र सामाजिक विविधता अनुरूपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने
- स्थानीय विषयमा उल्लेखित विभिन्न क्षेत्रहरूलाई विभिन्न व्यवहार कुशल सिपमा आधारित बनाई साझा सिकाइको सम्भावनाको खोजी गरी सोही अनुरूपको शिक्षण सिकाइ योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने
- सान्दर्भिक स्थानीय विषयवस्तु र आवश्यकतालाई जोड्दै सिकारूको सक्रिय सहभागिता बढाउन विशेष ध्यान दिने
- पाठ्यक्रमको मर्म र भावना अनुसार कक्षागत रूपमा सामान्यबाट जटिलतर्फका विषयवस्तुहरूको सोपान मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने
- कक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, व्याख्या, ICT को प्रयोग, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारीतामा ध्यान दिने
- कक्षाकोठा बाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः परियोजना कार्य, सामुदायिक कार्य, कार्यमूलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, बाल अनुसन्धान, घट्ना अध्ययन, विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि पक्षमा पाठ्यक्रमका उद्देश्य सम्बन्धीत गराई शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन प्रयत्नरत रहने
- मूल्याङ्कन गर्दा सिकारूको कार्यलाई प्रशंसा गर्ने, सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा सिकारूले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति र व्यवहारिक पक्षलाई आँकलन गर्ने

- स्थानीय विषय पढाउने शिक्षकहरूबिच अनुभव आदानप्रदान गरी आइपरेका समस्याहरू हल गर्न हर्दम क्रियाशील रहने
- आफ्नो परिवेश, स्थानीयता, जन्मभूमि, आफ्नो भाषा, संस्कृति, कलाकौशल, संस्कार, चाडपर्व, मूल्यमान्यता जस्ता पक्षहरू शिक्षण गर्दा आवश्यकता अनुसार सम्बन्धीत विषयमा जानकार व्यक्तिहरूलाई स्रोत शिक्षकको रूपमा बेलाबेलामा आमन्त्रण गरी अनुभव साटासाट गर्ने परिवेश निर्माण गर्ने ।

## ३.२ स्थानीय पाठ्यक्रम कार्यान्वयन, परीमार्जन तथा परिवर्तन योजना

पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गतिशील प्रक्रिया भएकाले यसको निर्माण र कार्यान्वयन सहज रेखीय पद्धतिका रूपमा नभई अन्तरसम्बन्धीत चक्रका रूपमा रहने गर्दछ । पाठ्क्रमका सन्दर्भहरूको विश्लेषण गरी अवधारणा विकास, पाठ्यक्रमको मस्यौदा तयार, विभिन्न सरोकारवालाहरूसँग छलफलबाट राय तथा सुझाव प्राप्त गरी प्राप्त सुझावहरू समेतलाई उपयुक्तताका आधारमा समावेश गरी यो स्थानीय पाठ्यक्रम तयार गरीएको छ । विद्यालय तहमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले दिएको पाठ्यक्रम संरचना तथा आधारअनुसार निर्माण गरीएको कक्षा ६-८ को यो पाठ्यक्रम कार्यान्वयनको तालिका यहाँ प्रस्तुत गरीएको छ ।

| कक्षा | परीक्षण | कार्यान्वयन | कैफियत |
|---|---|---|---|
| ६ | | शैक्षिक सत्र २०८१ | |
| ७ | शैक्षिक सत्र २०८१ | शैक्षिक सत्र २०८२ | |
| ८ | शैक्षिक सत्र २०८१ | शैक्षिक सत्र २०८२ | |

पाठ्यक्रम एक गतिशील प्रक्रिया हो । विकास गरीएको कुनै पनि पाठ्यक्रमको कार्यान्वयन प्रारम्भ भएपछि प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन गर्ने कार्य निरन्तर हुने गर्दछ । कुनै पनि पाठ्यक्रमको विकास निश्चित मूल्य तथा मान्यतामा आधारित भई पाठ्यक्रमका वर्तमान सन्दर्भलाई विश्लेषण गरेर सोही अनुरूप गरीएको हुन्छ । यस्ता सन्दर्भमा आएका परिवर्तनले स्वाभाविक रूपमा पाठ्यक्रम परिमार्जनको आधार सिर्जना गर्दछन । पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार निरन्तर प्रक्रिया हो । परीक्षण पश्चात् लागू भएको पाठ्यक्रममा सामान्य सुधार तथा अद्यावधिक निरन्तर रूपमा हुने गर्दछ भने कार्यान्वयन भएको पाँच वर्षमा पुनरावलोकन गरीनेछ भने कार्यान्वयन भएको दस वर्षमा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी त्यसका आधारमा पाठ्यक्रममा आवश्यक परिमार्जन गरीने छ ।

## ३.३ स्थानीय पाठ्यपुस्तक निर्माण तथा लेखन

पाठ्यक्रम लागु हुने शैक्षिक सत्रका लागि लागु हुने पाठ्यपुस्तक छपाई गर्नको लागि मुद्रणिय प्रति (CRC) नगर शिक्षा समितिको बैठकले स्वीकृत गर्नेछ ।







हाम्रो सामाजिक मूल्य, मान्यता र नैतिक शिक्षा (स्थानीय पाठ्यक्रम कक्षा ६-८) - २०८१